# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## विधान-२०८०

## (प्रस्तावित मस्यौदा विधान)

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय कार्यालय
काठमाडौं

# प्रस्तावना

नयाँ जनवाद हुँदै समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि अप्रिल २२, १९४९ तदनुसार २००६ साल वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा चलेका वैचारिक बहस तथा नेपाली कम्युनिष्ट आन्दोलनमा देखापरेका वैचारिक मतभेद तथा अन्तर संघर्षको दौरानमा अनेकौं पटक कम्युनिष्ट पार्टी विभाजन र एकीकरण हुँदै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) निर्माण भएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेपाली सर्वहारा श्रमजीवी वर्गको अग्रदस्ता हो । यसले मजदुर, किसान, उत्पीडित जाति, भाषाभाषी, महिला, दलित एवं समुदायसमेत सम्पूर्ण श्रमजीवी जनताको हितलाई प्रतिनिधित्व गर्दछ । यो जनआधारित कार्यकर्ताको पार्टी हो । यो स्वयमसेवी संस्था हो ।

यस पार्टीको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो । पार्टीले आजको समाजमा रहेका वर्गहरुको अस्तित्व, वर्गहरु बीचको अन्तरविरोध र वर्ग संघर्षलाई समाज विकास र परिवर्तनको अनिवार्य एवं मुख्य आधार मान्दछ । पार्टीको रणनीतिक लक्ष्य समाजवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको निर्माण गर्नु र अन्ततः साम्यवादी दिशामा अघि बढ्नु हो । त्यसका लागि नेपाली मौलिकतासहितको २१ औं शताब्दीमा समाजवाद निर्माण गर्दै विश्व साम्यवादको दिशामा अघि बढ्न संघर्षरत रहनेछ । तत्काल सामन्तवादका अवशेषहरुको अन्त्य एवं जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्दै समाजवादको आधार तयार पार्ने कार्यनीति अबलम्बन गरिनेछ । यसका लागि राष्ट्रिय स्वाधीनतालाई केन्द्र बिन्दुमा राख्दै विश्व साम्राज्यवाद, विस्तारवाद, नवउपनिवेशवादलगायत सबै खाले वैदेशिक हस्तक्षेप र शोषण तथा उत्पीडनका विरुद्ध संघर्षरत रहनेछ । साथै तात्कालिकरुपमा देशभित्रका एकाधिकार, दलाल तथा नोकरशाही पुँजीवादको अन्त्य र राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको दिशामा अघि बढ्नेछ । तसर्थ आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समाजवादी क्रान्तिको तयारी गर्नु पार्टीको तात्कालिक कार्यभार हो ।

कम्युनिष्ट पार्टी समाजवादी वैचारिक, राजनीतिक, सांस्कृतिक आन्दोलन र संगठनात्मक अभ्यासको घनिभूत अभिव्यक्तिको थलो हो । समाजवाद मौलिकरुपमा जनसम्बन्ध आधारित विचारधारा हो । यसले सर्वहारा श्रमजीवी वर्ग र भौगोलिक जनसमुदायको बीचमा सम्बन्ध स्थापित गर्दछ । समाजवादी व्यवस्थाले वर्गीय उत्पीडनका साथै जातीय, लैंगिक, क्षेत्रीय, भाषिक र सांस्कृतिक उत्पीडनलाई अन्त्य गर्नेछ । समाजवादले आर्थिक असमानता र सामाजिक विभेदहरुलाई अन्त्य गर्नेछ र समावेशी तथा समानतामूलक समाज निर्माण गर्नेछ । समाजवादमा जनसमुदायलाई वैज्ञानिक र प्राविधिक ज्ञानले सुनिश्चित गर्नेछ । यसले समाजमा व्यक्तिलाई सशक्तिकरण गर्न शिक्षा, सूचना र डिजिटल पहुँचलाई विशेष जोड दिनेछ । समाजवादमा आर्थिक उत्पादन र वितरणमा समन्यायिक नीति अबलम्बन गरिनेछ । सामूहिक स्वामित्व, स्रोतहरुको साझा वितरण र एकीकृत जिम्मेवारीलाई जोड दिँदै कम्युन उन्मुख दृष्टिकोण र व्यावहारिक अभ्यासको दिशामा अगाडि बढ्नेछ । कम्युनिष्टहरुको निम्ति अपरिहार्य रहेको नैतिक बल र नैतिकताका सबै आयामहरुको अभ्यासमा जोड दिनेछ । कम्युनिष्ट पार्टीका सदस्यहरुका लागि वर्ग संघर्ष र वर्ग संघर्षमा सहभागिता, सामाजिक न्याय, व्यक्तिहरुको स्वरुपान्तरण र आत्मसुद्धीकरणलाई जोड दिनेछ ।

१० वर्षको महान् जनयुद्ध, विभिन्न समयमा चलेका सशस्त्र आन्दोलन, ऐतिहासिक संयुक्त जनआन्दोलन एवं आदिवासी जनजाति, मधेशी, थारुलगायत सबै प्रकारका उत्पीडित वर्ग र समुदायहरूद्वारा सञ्चालित आन्दोलनहरुको परिणामस्वरुप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक

समावेशीकरण एवं सामाजिक न्याय लगायतका उपलब्धीहरुसहितको समाजवाद उन्मुख समावेशी लोकतन्त्रको रक्षा गर्दै उत्पीडित वर्ग र जनसमुदायका बाँकी रहेका अधिकारहरूको प्राप्तिका लागि पार्टी निरन्तर संघर्षरत रहनेछ । विशेषगरी विगतमा सामन्तवाद र साम्राज्यवादले नेपाली समाजलाई फुटाउ र शासन गरको मान्यताअनुसार महिला, दलित, जाति, भाषा, धर्म, संस्कृति र क्षेत्रीय विविधतालाई गलत ढंगले प्रयोग गर्दै जसरी नेपाली समाजलाई विभाजित गराइएको छ, त्यस प्रकारको विभाजनकारी नीतिका विरुद्धमा सबै प्रकारका उत्पीडन र भेदभावहरुलाई अन्त्य गर्दै नेपाली समाजलाई एकताबद्ध तुल्याउन निरन्तर संघर्षरत रहनेछ ।

पार्टी सञ्चालन जनवादमा आधारित केन्द्रियताको सिद्धान्त अनुरुप हुनेछ । सामूहिक निर्णय व्यक्तिगत उत्तरदायित्व तथा सामूहिकताको केन्द्रीकृत अभिव्यक्तिको प्रणालीलाई अबलम्बन गरिनेछ ।

महान् सहिदहरुप्रति श्रद्धाञ्जली एवं बेपत्ता तथा घाइते योद्धाहरुप्रति सम्मान गर्दै विगतको विधानलाई समय सापेक्ष बनाउन विधानमा संशोधन र परिमार्जन गर्दै जानुपर्ने भएकाले तदअनुरुप विधान अधिवेशनका लागि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को यो विधान-२०८० प्रस्ताव गरिएको छ ।

## भाग - १
## प्रारम्भिक

**धारा - १ पार्टीको नाम :** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रहने छ । संक्षिप्तमा यसलाई ने.क.पा. ( माओवादी केन्द्र) भनिनेछ । अङ्ग्रेजीमा Communist Party of Nepal (Maoist Centre) र संक्षिप्तमा CPN(MC) भनिनेछ ।

**धारा - २** पार्टीको झण्डा, छाप र चुनाव चिह्न अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

**धारा - ३ कार्यालय :** पार्टीको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ । प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, गाउँ/नगर र वडामा आवश्यकताअनुसार सोहीस्तरका कार्यालयहरु रहने छन् ।

**धारा - ४ प्रारम्भ :** यो विधान अविलम्ब प्रारम्भ हुनेछ ।

## भाग - २
## परिभाषा

**धारा - ५ परिभाषा**

(१) 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई सम्झनु पर्दछ ।

(२) 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को विधानलाई सम्झनु पर्दछ ।

(३) 'केन्द्रीय समिति' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को केन्द्रीय समितिलाई सम्झनु पर्दछ ।

(४) 'पदाधिकारी' भन्नाले अध्यक्षलगायत सम्बन्धित तहको पार्टी समितिले निर्णय गरेका अनुसारका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(५) 'सदस्य' भन्नाले पार्टी विधान अनुसारको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को संगठित सदस्यलाई सम्झनु पर्दछ ।

(६) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस विधान अन्तरगत बनेको नियमावलीमा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(७) 'आयोग'/'समिति' भन्नाले पार्टी समितिहरुले आफ्नो तहको अनुशासन, लेखापरीक्षण र निर्वाचन व्यवस्थापनका लागि गठित आयोग/समितिलाई सम्झनु पर्दछ ।

(८) 'प्रदेश समिति' भन्नाले प्रदेश स्तरका पार्टी समितिहरुलाई सम्झनु पर्दछ ।

(९) 'स्थानीय समिति' भन्नाले जिल्ला समिति, निर्वाचन क्षेत्र समन्वय समिति, नगर/गाउँपालिका समिति र वडा समितिहरुलाई सम्झनु पर्दछ ।

(१०) 'विशेष समिति' भन्नाले पेशा व्यवसायको आधारमा विभिन्न स्तरमा निर्माण भएका महाशाखा, शाखा, उपशाखा र प्रशाखा लगायतका पार्टी समितिहरुलाई सम्झनु पर्दछ ।

(११) 'सेल' भन्नाले पार्टीको प्रारम्भिक इकाईलाई सम्झनु पर्दछ ।

## भाग-३
## संगठनात्मक सिद्धान्त र पद्धति

### धारा - ६ पार्टीको संगठनात्मक सिद्धान्त र पद्धति देहायबमोजिम हुनेछ :

(१) जनवादमा आधारित केन्द्रियता पार्टीको संगठनात्मक सिद्धान्त हुनेछ । जनवादको जगमा वैचारिक केन्द्रियता र वैचारिक केन्द्रियताको आधारमा संगठनात्मक केन्द्रियतालाई नै जनवादी केन्द्रियता मानिन्छ ।

(२) पार्टीको संगठनात्मक जीवनमा व्यक्ति समितिको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो समिति माथिल्लो समितिको मातहत, सबै सदस्य तथा समितिहरू केन्द्रीय समितिको मातहत, केन्द्रीय समिति राष्ट्रिय महाधिवेशनको मातहत हुनेछन् ।

(३) पार्टीको सार्वभौम अधिकार पार्टीका संगठित सदस्यहरुमा निहीत रहनेछ ।

(४) वर्गीय समाजमा कम्युनिष्ट पार्टी विपरीतहरुको एकत्व हो, समाजमा चल्ने वर्गसंघर्षको प्रतिबिम्बन कम्युनिष्ट पार्टीभित्र पनि भइरहन्छ । त्यसैले अन्तर विरोध र अन्तर संघर्ष पार्टी जीवनको स्वभाविक प्रक्रिया हो । एकता, संघर्ष र रुपान्तरण गतिको नियम हो । अतः कम्युनिष्ट पार्टीभित्र विचारको स्वतन्त्रता र कामकारबाहीमा एकरुपता भइरहनु पर्दछ ।

(५) पार्टी जीवनमा अन्तरसंघर्षको दौरानमा वैचारिक दृष्टिकोण, कार्यदिशा र कार्यक्रमहरुमा श्रृखलाबद्ध मतभेद पनि हुन सक्छ, जसलाई दुई लाइन संघर्ष भनिन्छ । त्यस स्थितीमा पार्टीभित्र व्यापक अन्तरजनवादको अभ्यासलाई अवलम्बन गर्दै अधिवेशन वा राष्ट्रिय महाधिवेशनबाट त्यसको सम्बोधन गरिनेछ ।

(६) पार्टी सदस्यहरुलाई लागेका विचारहरु समितिका बैठक तथा अधिवेशनहरुमा लेखित वा मौखिकरुपमा दर्ज गर्ने स्वतन्त्रता हुनेछ । आफ्ना फरक मतहरु पार्टी पंतिभित्र छलफल गर्न चाहेमा निश्चित विधि र प्रक्रिया अवलम्बन गरी छलफल गर्न सकिनेछ । कतिपय वैचारिक र नीतिगत विषयहरुमा सार्वजनिक छलफल गर्न चाहेमा पार्टी समितिको निर्णयअनुसार निश्चित अवधिका लागि सार्वजनिक छलफल पनि गर्न सकिनेछ । छलफलबाट प्राप्त सुझाव र अभिमतहरुको सन्दर्भमा निर्णय गर्नका लागि नियमित पार्टी समितिका बैठक र अधिवेशनहरुको अतिरिक्त विशेष वैठक तथा अधिवेशनहरु पनि आयोजना गर्न सकिनेछ ।

(७) हरेक सदस्य वा समितिले सम्बन्धित समितिको बहुमत र माथिल्लो समितिले गरेको निर्णय पालना गर्नुपर्नेछ र बहुमतले अल्पमतको कदर गर्नुपर्दछ । फरक मत राख्दा आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व निर्वाह र अनुशासनको पालना गर्नुपर्नेछ । फरक मतका कारण कसैप्रति भेदभाव गरिने छैन । अन्तरसंघर्ष नितान्त मैत्रीपूर्ण हुनेछ ।

(८) राष्ट्रिय महाधिवेशन पूर्व कुनै पनि वैचारिक र नीतिगत विषयहरुमा पार्टीले आवश्यक ठानेमा जनस्तरसम्म छलफल र अन्तरक्रिया गरी सुझावहरु संकलन गर्न सक्नेछ ।

(९) पार्टी समितिहरु जननियन्त्रित, जनताप्रति उत्तरदायी, पारदर्शी जीवनशैली र व्यावहार अबलम्बन गरिनेछ । हरेक तहका पार्टी समितिहरु आ-आफ्नो तहमा स्वाचालित हुनेछन् । तल्लो समितिप्रति जवाफदेही हुनेछन् । तल्लो समितिलाई माथिल्लो समितिप्रति आलोचना गर्ने स्वतन्त्रता हुनेछ । पार्टी समितिहरुले आवश्यकताअनुसार सार्वजनिक सुनुवाई गरी जनताप्रतिको उत्तरदायित्व हुनुपर्नेछ । पार्टीलाई जनतासँग घनिष्टरुपमा जोड्ने जननियन्त्रित विधि अबलम्बन गरिनेछ । कुनै पनि सदस्यले जिम्मेवारी पूरा नगरेमा समितिबाट फिर्ता बोलाउन सकिने विधिलाई अवलम्बन गरिनेछ ।

(१०) हरेक पार्टी समितिमा सदस्यहरुबीच विचार, नीति, कार्यक्रम, योजना र कार्यशैली आदि विषयमा रहेका कमिकमजोरीहरु बारे आलोचना र आत्मआलोचना गरी पार्टीलाई सुद्दीकरण गर्ने प्रक्रिया निरन्तर अबलम्बन गरिनेछ ।

(११) कुनै पनि तहको पार्टी समिति गठन गर्दा श्रमजिवी वर्ग, उत्पिडीत जाति, क्षेत्र, लिंग र पिछडीएको समुदाय आदि सामाजिक बनावटको आधारमा समानुपातिक समावेशी गरिनेछ ।

(१२) पार्टी सञ्चालनमा नेपालको संविधानले राजनीतिक दल सम्बन्धमा अङ्गिकार गरेको वैचारिक मान्यता, नीतिगत व्यवस्था र विधिलाई अबलम्वन गरिनेछ ।

## भाग - ४
## सदस्यता

### धारा - ७ पार्टी सदस्य :

**(१)** पार्टीको नीति र विचारलाई समर्थन गर्ने, पार्टीलाई मतदान गर्ने, पार्टी कार्यक्रममा सहभागी हुने र पार्टीलाई सहयोग गर्ने १८ वर्ष उमेर पुगेका नेपाली नागरिकले पार्टीको सदस्यता प्रदान गर्न सकिनेछ ।
**(२)** पार्टी सदस्यताका लागि टोल/प्रशाखा वा सेलको सिफारिसमा वडा/उपशाखा समितिले सदस्यता प्रदान गर्नेछ ।
**(३)** टोल वा सेल गठन नभइसकेको अवस्थामा उक्त स्थानको कुनै एक पार्टीको संगठित सदस्यले सिफारिसका आधारमा वडा/उपशाखाले सदस्यता प्रदान गर्न सक्नेछ ।
**(४)** पार्टी सदस्यता लिएपछि पार्टी स्कूलहरुमा सहभागिता, पार्टीद्वारा सञ्चालित आन्दोलन र कार्यक्रमहरुमा सहभागिता र संगठित सदस्यउन्मुख रहन प्रयत्नशील रहनेछ ।
**(५)** पार्टी सदस्यको अभिलेखको लागि वडा/उपशाखाले नगर/गाउँ/शाखा समितिमा पठाउनेछ ।

### धारा- ८ संगठित सदस्य

(१) संगठित सदस्यको योग्यता देहायबमोजिम हुनेछ :

(क) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) नैतिकवान र स्वच्छ चरित्र भएको,

(ग) पार्टी सदस्य लिइ आन्दोलन तथा कार्यक्रमहरुमा सहाभागी बनेको,

(घ) पार्टीबाट सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहभागी बनेको,

(ङ) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान मान्न तत्पर रहेको,

(च) जनवर्गीय संगठन, पेशागत संगठन, सम्पर्क मञ्च आदिमा संगठित भइ काम गरेको,

(छ) कुनै पनि समितिमा संगठित भइ काम गर्न र नियमितरुपमा लेवी बुझाउन तयार भएको ।

(ज) पार्टी आधारभूत वैचारिक राजनीतिक प्रशिक्षण लिएको,

(२) संगठित सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ :

(क) संगठित सदस्य हुन योग्यता पुगेको व्यक्तिले टोल/प्रशाखाको सिफारिससहित वडा /उपशाखा समितिमा आवेदन दिने ।

(ख) वडा वा उपशाखा समितिले आवश्यक छानविन गरी योग्यता पुगेको भए संगठित सदस्यता प्रदान गर्न सिफारिससहित उक्त आवेदन नगर/गाउँ/शाखा समितिमा पठाउने,

(ग) नगर/गाउँ/शाखा समितिले आवश्यक छानविन गरी योग्यता पुगेको आवेदकलाई तोकिए बमोजिमको शुल्क लिएर संगठित सदस्यता प्रदान गर्ने र अनुमोदनका लागि जिल्ला/महाशाखामा पठाउने ।

(घ) जिल्ला समितिले आवश्यक छानविन गरी योग्यता र प्रक्रिया पुगेको भए अनुमोदन गरी संगठित सदस्यता नम्बरका लागि प्रदेश समितिमा पठाउने,

(ङ) विभिन्न पार्टी वा समूहबाट समूहगत वा व्यक्तिगत रूपमा पार्टी प्रवेश गरेका देशभक्त, प्रगतिशील, क्रान्तिकारी आन्दोलनमा सहयोगी भूमिका खेल्दै आएका र सामाजिक रूपमा प्रतिष्ठित व्यक्तिहरुलाई जिल्ला समितिको सिफारिसमा प्रदेश समितिले संगठित सदस्यता प्रदान गर्न सक्नेछ।

(च) पार्टी केन्द्रसँग एकता भएका घटकहरुको सम्बन्धमा पार्टी केन्द्रीय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(छ) कुनै पनि कम्युनिष्ट घटकसँग पार्टी एकता, समायोजन वा पार्टी प्रवेश भएको अवस्थामा सम्बन्धित पार्टीको सदस्याता प्राप्त गरेको मितिलाई नै पार्टी सदस्यता भएको आधार मानिनेछ ।

(ज) संगठित सदस्यताका सम्बन्धमा विवाद उत्पन्न भएमा प्रदेश समितिले छानविन गरी निर्णय गर्नेछ ।

**(३) संगठित सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

(क) पार्टीको कुनै पनि समितिमा संगठितरुपमा काम गर्ने,

(ख) तोकिएको सदस्यता शुल्क एवं लेबी नियमित रूपमा सम्बन्धित समितिमा बुझाउने ,

(ग) पार्टीको बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने, नीति तथा निर्णयमा मतदान गर्ने र सम्बन्धित समितिमा आफ्नो मत जाहेर गर्ने,

(घ) पार्टीबाट सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवं कार्यान्वयन गर्ने,

(ङ) पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने,

(च) पार्टीद्वारा आयोजित कार्यक्रम, आर्थिक उपार्जनका कार्यक्रम, विकास निर्माणलगायत जनसरोकारका क्रियाकलापमा सहभागी रहने,

(छ) श्रमको उच्च सम्मान गर्दै श्रममूलक क्रियाकलापमा निरन्तर सहभागी रहने ।

(ज) रुढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र जातीय विभेदका विरुद्ध सङ्घर्ष गर्ने,

(झ) सर्वहारा श्रमजीवि वर्गको हक हितको पक्षमा निरन्तर संघर्षरत रहने,

(ञ) पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई जोगाइराख्न क्रियाशील रहने,

**धारा - ९ संगठित सदस्यता नरहने**

**(१) देहायको अवस्थामा पार्टीको संगठित सदस्यता समाप्त हुनेछ :**

(क) सदस्यता परित्याग गरेमा,

(ख) समितिको अनुमतिबिना लगातार एक वर्षभन्दा बढी पार्टी काममा संलग्न नरहेमा,

(ग) पार्टीले अनुशासनको कारबाही गरी सदस्यबाट निष्काशन गरेमा,

(घ) तोकिएको समयमा सदस्यता नवीकरण नगरेमा,

**धारा - १० संगठित सदस्यता पुनः प्राप्ति :** संगठित सदस्यता गुमाएको व्यक्तिले आत्मालोचनासहित सदस्यता पुनः प्राप्तिको निम्ति निवेदन दिएमा वा सम्बन्धित समितिले उचित ठानेमा पुनः संगठित सदस्यता प्रदान गर्न सक्नेछ ।

**धारा - ११ संगठित सदस्यता कायम**

(१) नेपाली कम्युनिष्ट आन्दोलनका कुनै पनि घटक वा समूहका सदस्यता कायम रहेको व्यक्तिले पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरेपछि निजको संगठित सदस्यता कायम हुन सक्नेछ ।

(२) उपधारा १ बमोजिम संगठित सदस्यता कायम गर्नुअघि सम्बन्धित समितिले छानविन गरी निर्णय गर्नुपर्नेछ ।

(३) शारीरिक अवस्था कमजोर भएका वा राजनीतिक वा झुठ्ठा मुद्दामा जेल परेका संगठित सदस्य पार्टीप्रति निष्ठावान रहँदासम्म निजको सदस्यता कायम रहनेछ ।

(४) पार्टीबाट विशेष काममा खटाइएको वा विशेष काममा रहेका सदस्य, पार्टीप्रति निष्ठावान रहँदासम्म निजको पार्टी संगठित सदस्यता कायम रहनेछ ।

**धारा - १२ संगठित सदस्यताको अभिलेख र नवीकरण**

(१) संगठित सदस्यको सङ्ख्यात्मक अभिलेख केन्द्रीय कार्यालयले राख्नेछ ।

(२) सबै तहका समितिहरूमा आ-आफ्नो कार्यक्षेत्रभित्रका संगठित सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख रहनेछ ।

(३) पार्टी एकता वा प्रवेश भएको अवस्थामा छ महिनाभित्र संगठित सदस्यको अभिलेख एकीकृत गरी संगठित सदस्यता नम्बर निर्धारण गरिनेछ ।

(४) पार्टीले तोकेबमोजिमा ५/५ वर्षमा संगठित सदस्यता नवीवरण गर्नुपर्नेछ ।

**धारा- १३** संगठित सदस्य र सदस्यलाई सदस्यता प्रमाण-पत्र र परिचय प्रदान गरिनेछ ।

## भाग - ५
## केन्द्रीय निकाय

### धारा - १४ केन्द्रीय निकायहरू

**(१) पार्टीका केन्द्रीय निकायहरू देहायबमोजिम हुनेछन् :**

(क) राष्ट्रिय महाधिवेशन,

(ख) केन्द्रीय समिति,

(ग) राष्ट्रिय परिषद्,

(घ) केन्द्रीय अनुशासन समिति/आयोग,

(ङ) केन्द्रीय लेखापरीक्षण समिति/आयोग,

(च) केन्द्रीय निर्वाचन समिति/आयोग,

(छ) केन्द्रीय सल्लाहकार समिति,

(छ) भेटरन (veteran) कम्युनिष्ट मञ्च

### धारा - १५ राष्ट्रिय महाधिवेशन

(१) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ ।

(२) राष्ट्रिय महाधिवेशन प्रत्येक ५ वर्षमा सम्पन्न गरिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थितिमा केन्द्रीय समितिले यसको स्पष्टीकरणसहित बढीमा ६ महिनासम्म राष्ट्रिय महाधिवेशनको समय सार्न सक्नेछ ।

(४) महाधिवेशनको स्थान, मिति र प्रतिनिधित्व केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

(५) महाधिवेशनले महाधिवेशन सञ्चालनका लागि आवश्यक विधि, प्रक्रिया अबलम्बन गर्नेछ ।

(७) राष्ट्रिय महाधिवेशनले राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रतिवेदन र आवश्यक अन्य प्रस्तावहरू पारित गर्नेछ ।

(८) केन्द्रीय समितिको गठन विधान बमोजिम राष्ट्रिय महाधिवेशनले गर्नेछ ।

(९) पार्टी एकीकरण गरिएको सन्दर्भमा पार्टी केन्द्रीय समितिले निर्णय गरेबमोजिम हुनेछ ।

### धारा - १६ केन्द्रीय समिति

(१) केन्दीय समिति दुई राष्ट्रिय महाधिवेशन बीचको पार्टीको सर्वोच्च अंग हुनेछ ।

(२) केन्द्रीय समिति राष्ट्रिय महाधिवशनप्रति उत्तरदायी हुनेछ ।

(३) राष्ट्रिय महाधिवशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित भएपछि पूरानो केन्द्रीय समिति स्वतः विघटन हुनेछ ।

(४) केन्द्रीय समितिको संरचना

(क) केन्द्रीय समिति बढीमा १५१ सदस्यीय हुनेछ ।

(ख) केन्द्रीय समितिले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र कोषाध्यक्ष चयन गर्नेछ ।

(ग) केन्द्रीय समितिको बढीमा एक तिहाइ पोलिटव्यूरो सदस्य रहनेछन् ।

(घ) पोलिटव्यूरोको बढीमा एक तिहाइ स्थायी समिति/पदाधिकारी रहनेछ ।

(ङ) दैनिक कार्य सञ्चालनका लागि अध्यक्षको नेतृत्वमा एक केन्द्रीय कार्यालय रहनेछ ।

(च) केन्द्रीय कार्यालयको दैनिक प्रशासनिक कार्यहरु सम्पादन गर्नका लागि केन्द्रीय कार्यालयले महासचिवको नेतृत्वमा उपमहासचिव, सचिव र कोषाध्यक्ष रहेको केन्द्रीय सचिवालय गठन गरी सञ्चालन गर्नेछ ।

**(५) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) नेपाली समाजवादी क्रान्ति, वर्ग संघर्ष, विचारधारा, राजनीति, संगठन र सामाजिक आर्थिक रुपान्तरणलगायतका समग्र कार्यहरुको नेतृत्व गर्ने,

(ख) आफूहरु मध्येबाट अध्यक्ष पदाधिकारीहरु/स्थायी समिति र पोलिट्व्यूरो गठन गर्ने, प्रवक्ता तोक्ने र केन्द्रीय सदस्यहरुको कार्यविभाजन गर्ने,

(ग) आवश्यक विषयमा पार्टीको दृष्टिकोण, नीति, योजना तथा कार्यक्रम तय गर्ने र पार्टीका नीति तथा निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(घ) पार्टीको अनुशासनको व्यवस्थापन गर्नका लागि अनुशासन समिति/आयोग, लेखा प्रणाली व्यवस्थित गर्नका लागि लेखापरीक्षण समिति/आयोग र निर्वाचनलाई व्यवस्थित गर्नका लागि निर्वाचन समिति/आयोग गठन गरी सञ्चान गर्ने,

(ङ) पार्टीलाई वैचारिक र नीतिगत विषयहरुमा आवश्यक सुझाव तथा सिफारिस गर्नका लागि पार्टी स्कूल विभाग, श्रम-आर्थिक उत्पादन विभाग र आवश्यकताअनुसार राजकीय संरचना अनुरुपका विभागहरु गठन गरी सञ्चालन गर्ने,

(च) पार्टी सदस्यहरुको क्षमता अभिवृद्धिका लागि पार्टी स्कूल सञ्चालन गर्ने र समयसमयमा प्रशिक्षणमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) पार्टीका दस्तावेज, केन्द्रीय मुखपत्र र अन्य आवश्यक सामग्री सम्पादन तथा प्रकाशन गर्ने,

(ज) पार्टीको तर्फबाट सरकार, संसद् तथा विशेष जिम्मेवारीमा गएका सदस्यहरूलाई लेबी एवं शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवं परिचालन गर्ने,

(झ) पार्टीका मातहत समिति र सदस्यलाई आवश्यक निर्देशन दिने र तिनका कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ञ) पार्टीसम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सङ्गठनहरूलाई नीतिगत नेतृत्व दिने,

(ट) मातहत समितिबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि आवश्यक छानविन गरी निर्णय दिने,

(ठ) पार्टीको एकता, हित र सुरक्षामा खलल पर्नेगरी गरिएका कुनै पनि समितिका निर्णयलाई बदर गर्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टी निर्देशन पालना नगर्ने समितिलाई विघटन गर्ने र सदस्यलाई आवश्यक कारबाही गर्ने,

(ड) सङ्घीय संसद्, नेपाल सरकार, प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तह सञ्चालनका लागि आवश्यक नीति निर्माण तथा संयन्त्र बनाइ सञ्चालन गर्ने,

(ढ) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको भाइचारा र मैत्रीपूर्ण सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने,

(ण) जनता र राष्ट्रको पक्षमा विशिष्ट योगदान गरेका व्यक्तित्वहरूलाई सम्मान स्वरूप मानार्थ सदस्यता प्रदान गर्न सक्ने,

(त) समान विचार भएका घटकहरुबीच पार्टी एकता र एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने,

(थ) यस विधानमा उल्लेख नभएका विषय र विशिष्ठ परिस्थिति पैदा भएमा त्यस सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(द) आवधिक रुपमा राष्ट्रिय परिषद्को बैठक आयोजना गर्ने,

**(६) पोलिट्ब्यूरोको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) केन्द्रीय समितिका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने ।

(ख) समसामयिक विषयमा पार्टीको नीति तथा दृष्टिकोण तय गर्ने,

(ग) केन्द्रीय समितिको बैठकसमक्ष आफ्ना कामको प्रतिवेदन पेस गर्ने,

(घ) आफूले गरेका निर्णयहरू अनुमोदनका लागि केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने,

(ङ) केन्द्रीय समितिप्रति उत्तरदायी रहने,

(च) केन्द्रीय समितिले तोकेका कार्यहरू गर्ने ।

**(७) पदाधिकारी/स्थायी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:**

(क) पोलिट्ब्यूरोका दुई बैठकहरु बीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

(ख) आफूले गरेका निर्णयहरू अनुमोदनका लागि र केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने,

(ग) पोलिट्ब्यूरो र केन्द्रीय समितिको बैठकमा आफ्नो कामको प्रतिवेदन पेश गर्ने,

(घ) केन्द्रीय समिति उत्तरदायी रहने,

(ङ) केन्द्रीय समिति र पोलिट्ब्यूरोले तोकेका कार्यहरू गर्ने ।

(च) पदाधिकारीहरुको ठोस कार्य विभाजन गर्ने ।

**(८) केन्द्रीय कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) केन्द्रीय कार्यालय सञ्चालन गर्ने,

(ख) केन्द्रीय स्तरका कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ग) केन्द्रीय समिति, पोलिट्ब्यूरो र स्थायी समितिको बैठकका लागि कार्यसूची तयार गर्ने,

(घ) समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने,

(ङ) केन्द्रीय समिति, पोलिट्ब्यूरो र पदाधिकारी/स्थायी समितिका निर्णयहरुलाई कार्यान्वयन गर्ने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठि आदिमा प्रतिनिधि पठाउने,

(छ) पार्टीलाई प्रविधिमैत्री बनाई डिजिटलाइजेसन गर्ने,

(च) केन्द्रीय समिति, पोलिट्ब्यूरो र पदाधिकारी/स्थायी समितिले तोकेका कार्यहरू गर्ने ।

**(९) केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) केन्द्रीय कार्यालयको व्यवस्थापन गर्ने,

(ख) लगतहरुको अभिलेखिकरण गर्ने,

(ग) आर्थिक व्यवस्थापन गर्ने,

(घ) कार्यालयका भौतिक सम्पत्तिहरुको संरक्षण गर्ने,

(ङ) कार्यालयको निम्ति आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने,

(च) केन्द्रीय विभाग, मातहत समिति, संसदीय दल, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र ती प्रतिवेदनहरु केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयमा प्रस्तुत गर्ने ।

**(१०) अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) पार्टीको प्रमुख नेताका हैसियतले समग्र पार्टीको नेतृत्व गर्ने,

(ख) केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति, विस्तारित बैठकहरु र केन्द्रीय कार्यालयको बैठकको अध्यक्षता गर्ने,

(ग) केन्द्रीय समिति, पोलिट्ब्यूरो र पदाधिकारी/स्थायी समितिहरुका बैठकमा केन्द्रीय कार्यालयको तर्फबाट र राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्मा केन्द्रीय समितिका तर्फबाट राजनीतिक र अन्य प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(ङ) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान कार्यान्वयन गर्ने र गराउने,

(च) पार्टीका आधिकारिक निर्देशन र पत्राचारहरुमा हस्ताक्षर गर्ने ।

(छ राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका सम्मेलन र भेलाहरुमा पार्टीको प्रतिनिधित्व गर्ने,

(ज) केन्द्रीय समिति, पोलिट्ब्यूरो र पदाधिकारी/स्थायी समितिले तोकेका कार्यहरू गर्ने,

(झ) राज्यका केन्द्रीय सरकारी निकायहरुमा पार्टीको तर्फबाट गर्नुपर्ने प्रतिनिधित्व र हस्ताक्षर गर्ने ।

(ञ) पार्टीका बैठकहरु आह्वान गर्न, कार्यालयका दैनिक कार्यहरु सञ्चालन गर्न लागि महासचिवलाई र कार्यालयको कोषको व्यवस्थापन गर्न कोषाध्यक्षलाई आवश्यक निर्देशन दिने,

**(११) वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने वरिष्ठ उपाध्यक्षले गर्ने,

(ख) वरिष्ठ उपध्यक्षको अनुपस्थितिमा अध्यक्ष र वरिष्ठ उपाध्यक्षले गर्ने कार्यहरु उपाध्यक्षले गर्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(घ) अध्यक्षको कार्यहरूमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(ङ) केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति तथा केन्द्रीय कार्यालयले तोकेका कार्यहरू गर्ने,

**(१२) महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) केन्द्रीय समिति, पोलिट्ब्युरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयको बैठकका बैठकहरु बोलाउने र बैठकहरुमा कार्यसूचीको प्रस्ताव तयार गर्ने,

(ख) पार्टीका नीति एवं निर्णयको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयको बैठक समक्ष प्रस्तुत गर्ने,

(ग) राष्ट्रिय परिषद्, केन्द्रीय समिति, पोलिट्ब्युरो र पदाधिकारी/स्थायी समितिका बैठकहरुमा केन्द्रीय कार्यालयको तर्फबाट र राष्ट्रिय महाधिवेशन तथा केन्द्रीय समितिको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) केन्द्रीय समिति, पोलिट्ब्यूरो पदाधिकारी/स्थायी समिति, केन्द्रीय कार्यालयका निर्णयहरूको पारिपत्र जारी गर्ने,

(ङ) पार्टीको केन्द्रीय कार्यालय र सचिवालय व्यवस्थापनको नेतृत्व गर्ने,

(च) केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयले तोकेका कार्यहरू गर्ने

(छ) केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुको कामको निरीक्षण, अनुगमन, मूल्यांकन, वृत्ति विकास र प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**(१३) उपमहासचिव र सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कार्यहरु उपमहासचिवले र उपमहासचिवको अनुपस्थितीमा महासचिव र उपमहासचिवले गर्ने कार्यहरु सचिवले गर्ने,

(ख) महासचिवले प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) महासचिवको कार्यमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(घ) केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयले तोकेका कार्यहरु गर्ने,

**(१४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) कोषको संकलन, कोषको स्थापना र कोषको रेखदेख, कोषको संरक्षण, आयव्ययको विवरण, लेखा व्यवस्थापन, कोषको सञ्चालन र खर्चको व्यवस्थापन गर्ने,

(ख) पार्टीको सम्पत्तिको अभिलेख राखी त्यसको संरक्षण, स्याहार सम्भार, मर्मत र परिचालनको व्यवस्था गर्ने।

(ग) पार्टीका बैठकहरुमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) आर्थिक अनुशासन र पारदर्शिता कायम राख्ने,

(ङ) श्रम तथा उत्पादनमूलक आर्थिक कार्यक्रमहरु तर्जुमा गर्ने,

(च) लेबी, कोटा नियमित र व्यवस्थित गर्ने,

(छ) लेखा परीक्षण समिति/आयोगका सिफारिसहरु कार्यान्वयन गर्ने,

**(१५) प्रवक्ताका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय समिति, पोलिट्ब्यूरो, पदाधिकारी/स्थायी समिति र केन्द्रीय कार्यालयका बैठकका निर्णयहरू सार्वजनिक गर्ने,

(ख) पार्टीका आधिकारिक नीति, निर्णय एवं धारणाहरु सार्वजनिक गर्ने ।

(ग) पार्टीका दैनिक गतिविधिबारे सार्वजनिक गर्ने

(घ) पार्टीको वेभसाइट, सामाजिक सञ्जाल, बुलेटिनलगायतका प्रचारका माध्यमहरुलाई सञ्चालन गर्ने ।

**धारा - १७ राष्ट्रिय परिषद्**

**(१)** पार्टीको महाधिवेशन नभएको समयमा महाधिवेशनप्रति जवाफदेही हुनेगरी पार्टीको विचार, नीति, कार्यदिशालगायत संगठनात्मक संरचनाहरुमा आवश्यक निर्णय गर्नका लागि प्रत्येक वर्ष राष्ट्रिय परिषद्को बैठकको आयोजना गरी निर्णयहरु गर्न सक्नेछ ।

(२) राष्ट्रिय परिषद्ले गरेका निर्णयहरु केन्द्रीय समिति र आयोगहरुले कार्यान्वयन गर्नेछन् ।

(३) राष्ट्रिय परिषद्को अध्यक्षता पार्टी अध्यक्षले गर्नेछ ।

(४) राष्ट्रिय परिषद्मा पार्टीका केन्द्रीय सदस्यहरु, आयोगका पदाधिकारीहरु, सल्लाहकार र भेटरन कम्युनिष्ट मञ्चका पदाधिकारीहरु, विभागका पदाधिकारीहरु, जबस मोर्चाका प्रमुखहरु, प्रदेश समितिका पदाधिकारीहरु पदेन सदस्य हुनेछन् ।

(५) परिषद्का कूल पदेन सदस्यमध्ये २० प्रतिशतसम्म केन्द्रीय समितिले पार्टीको केन्द्रीय समितिमा कम्तिमा पनि एक कार्यकाल काम गरिसकेका पूर्व केन्द्रीय सदस्यहरुमध्येबाट निर्णय गरेका सदस्यहरु रहनेछन् ।

(६) प्रदेश, जिल्ला, नगर/गाउँ समितिले आ-आफ्नो तहमा परिषद् गठन गरी सञ्चालन गर्न सक्नेछ ।

**धारा - १८ अनुशासन आयोग/समिति :**

**(१)** पार्टी केन्द्रीय समितिले पार्टीलाई अनुशासित बनाउनका लागि पार्टी अनुशासन उलंघनसम्बन्धी छानबिन गर्न र अनुशासनको कारबाही गर्नका लागि अनुशासन आयोग/समितिको गठन गरी सञ्चालन गरिनेछ

(२) अनुशासन समिति/आयोगले गरेको कारबाही पार्टीको निर्णय हुनेछ । निर्णय उपर चित्त नबुझेमा पार्टीको राष्ट्रिय परिषद्मा पुनरावेदन र पार्टीको राष्ट्रिय महाधिवेशनमा पुनरावलोकन गर्न सकिनेछ र महाधिवेशनले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) अनुशासन आयोग/समितिको गठन केन्द्रीय समितिको सदस्यको अध्यक्ष्यतामा बढीमा २५ सदस्यसम्म रहने गरी केन्द्रीय समितिले गठन गर्नेछ । आयोग/समितिको दैनिक कार्य सञ्चालनका लागि सदस्य सचिव आयोग/समिति स्वयंले तोक्नेछ ।

(४) अनुशासन आयोग/समिति सञ्चालनको कार्यविधि आयोग/समिति स्वयंले निर्माण गरी कार्यान्वयन गर्नेछ ।

(५) प्रदेश, जिल्ला/महाशाखा, गाउँ/नगर/शाखा र वडा/उपशाखा समितिले पनि आ-आफ्नो तहको पार्टी अनुशासनलाई व्यवस्थित गर्नका लागि ५ देखि १५ सम्म सदस्य रहेको अनुशासन समिति गठन गरी सञ्चालन गर्न सक्नेछ ।

**धारा - १९ : लेखा परीक्षण आयोग/समिति**

(१) पार्टी केन्द्रीय समितिको लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि पार्टी केन्द्रीय समितिले केन्द्रीय समिति सदस्यको अध्यक्षतामा बढी २५ जनासम्म सदस्य रहने गरी केन्द्रीय लेखा परीक्षण आयोग/समिति गठन गरी सञ्चालन गर्नेछ।

(२) आयोग/समितिको दैनिक कार्य सञ्चालनका लागि सदस्य सचिव आयोग/समिति स्वयंले तोक्नेछ।

(३) लेखा परीक्षणसम्बन्धी कार्यविधि आयोग/समिति स्वयमले निर्माण गरी कार्यान्वयन गर्नेछ।

(३) लेखा परीक्षण आयोग/समितिले गरेका निर्णयहरु पार्टीको निर्णय हुनेछ।

(४) प्रदेश, जिल्ला/महाशाखा, गाउँ/नगर/शाखा र वडा/उपशाखा समितिले आ-आफ्नो तहको लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि आ-आफ्नो तहमा ५ देखि १५ सदस्यसम्मको लेखा परीक्षण समिति गठन गरी सञ्चालन गर्न सक्नेछ।

**धारा - २० निर्वाचन आयोग/समिति**

(१) पार्टी विधानले व्यवस्था गरेअनुसारका समितिको निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय समितिले निर्वाचन आयोग/समिति गरी सञ्चालन गर्नेछ।

(२) निर्वाचन आयोग/समितिको गठन : निर्वाचनसम्बन्धी अनुभवी पार्टीका सल्लाहकार/भेटरन कम्युनिष्ट मञ्चको कुनै सदस्यको अध्यक्षमा बढीमा २५ जनासम्म सदस्य रहनेगरी गठन गरिनेछ। आयोग/समितिको दैनिक कार्य सञ्चालनका लागि सदस्य सचिव आयोग/समिति स्वयंले तोक्न सक्नेछ

(३) निर्वाचनसम्बन्धी कार्यविधि निर्वाचन आयोग/समिति स्वयमले निर्माण गरी कार्यान्वयन गर्नेछ।

(४) निर्वाचन आयोग/समितिले गरेका निर्णयहरु पार्टीको निर्णय हुनेछ।

(५) प्रदेश, जिल्ला/महाशाखा, गाउँ/नगर/शाखा र वडा/उपशाखा समितिले विधानअनुसार आ-आफ्नो तहको संगठनात्मक संरचनाहरुको निर्वाचन गर्नका लागि ५ देखि १५ जनासम्म सदस्य रहने निर्वाचन समिति गठन गरी सञ्चालन गर्न सक्नेछ।

**धारा - २१ भेटरन (veteran) कम्युनिष्ट मञ्च**

(१) पार्टी केन्द्रीय समितिलाई वैचारिक, नीतिगत र विगतका अनुभवहरुको संस्थागत निरन्तरताका लागि आवश्यक सल्लाह, सुझाव र कतिपय वैचारिक विषयमा आवश्यक मार्ग निर्देशनका लागि केन्द्रीय समितिले भेटरन (veteran) कम्युनिष्ट मञ्च गठन गरी सञ्चालन गर्नेछ।

(२) मञ्चमा विगत कालमा कम्तिमा एक कार्यकाल सल्लाहकार भइ काम गरेका वा केन्द्रीय समितिमा कम्तिमा दुई कार्यकाल पूरा गरेका अनुभवी, वरिष्ठ र ७० वर्ष उमेर पूरा गरेका ज्येष्ठ सदस्यहरुलाई पार्टी केन्द्रीय समितिले चयन गर्नेछ। मञ्चको गर्दा केन्द्रीय समिति सदस्यको बढीमा ५० प्रतिशतसम्म सदस्य रहनेगरी गठन गर्न सक्नेछ।

(३) मञ्चका सदस्यहरुबाट पार्टी केन्द्रीय समितिले अध्यक्ष तोक्नेछ। मञ्चको दैनिक कार्य सञ्चालनका लागि मञ्च स्वयंले सदस्य सचिव तोक्नेछ।

**धारा - २२ केन्द्रीय सल्लाहकार समिति**

(१) पार्टी केन्द्रीय समितिलाई वैचारिक र नीतिगत विषयहरुमा आवश्यक सल्लाह र सुझाव दिन र कातिपय नीतिगत विषयमा आवश्यक निर्देशन दिनका लागि केन्द्रीय समितिले सल्लाहकार समिति गठन गर्नेछ।

(२) सल्लाहकार समितिमा गठन गर्दा विगत कालमा कम्तिमा एक कार्यकाल सल्लाहकार रहेका वा केन्द्रीय समितिमा कम्तिमा दुई कार्यकाल पूरा गरी सकेका अनुभवी तथा वरिष्ठ सदस्यहरुमध्येबाट केन्द्रीय समितिले चयन गर्नेछ । समितिको गठन गर्दा पार्टी केन्द्रीय समितिको बढीमा ५० प्रतिशत सदस्य रहनेगरी गठन गर्न सकिनेछ ।

(३) सल्लाहकार सदस्यहरुमध्येबाट पार्टी केन्द्रीय समितिले अध्यक्ष तोक्नेछ । समितिको दैनिक कार्य सञ्चालनका लागि समिति स्वयंले सदस्य सचिव तोक्नेछ ।

## भाग – ६
## प्रदेश समिति

### धारा - २३ प्रदेश समिति

(१) प्रदेशमा प्रदेश अधिवेशनबाट निर्वाचित प्रदेश समिति रहनेछ ।

(२) प्रदेश समितिमा अध्यक्ष, उपाध्यक्ष ३ जना, सचिव, सहसचिव ३ जना र कोषाध्यक्ष गरी ९ सदस्यीय पदाधिकारी हुनेछन् । समितिमा पदाधिकारीसहित बढीमा १२५ जनासम्म सदस्य रहनेछ ।

**(३) प्रदेश समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) पदाधिकारीसहित आफ्नो समितिको कूल सदस्य सङ्ख्याको बढीमा एक तिहाई सदस्य रहेको सचिवालय र बढीमा नौ जना पदाधिकारी रहेको कार्यालय गठन गर्ने र सदस्यहरुको कार्यविभाजन गर्ने,

(ख) नियमित रुपमा बैठक बसी आफ्नो प्रदेशको पार्टी कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

(ग) केन्द्रीय समितिका निर्देशन र आफ्नो समितिका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(घ) प्रदेश पार्टीको अनुशासनको व्यवस्थापन गर्नका लागि अनुशासन समिति, लेखा प्रणाली व्यवस्थित गर्नका लागि लेखापरीक्षण समिति र निर्वाचनलाई व्यवस्थित गर्नका लागि निर्वाचन समिति गठन गरी सञ्चान गर्ने,

(ङ) प्रदेश पार्टीलाई वैचारिक र नीतिगत विषयहरुमा आवश्यक सुझाव तथा सिफारिस गर्नका लागि पार्टी स्कूल विभाग, श्रम-आर्थिक उत्पादन विभाग र प्रदेशको राजकीय संरचना अनुरुपका विभागहरु आवश्यकताअनुसार गठन गरी सञ्चालन गर्ने,

(च) सम्बन्धित प्रदेशको शोषित, पीडित श्रमजीवी वर्ग एवम् समुदायको हक, हित, अधिकार एवं न्यायको पक्षमा सघंर्षरत रहने, सम्बन्धित प्रदेशको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने,

(छ) प्रदेश पार्टीमा आबद्ध सम्पूर्ण नेता-कार्यकर्ताहरूको क्षमता अभिबृद्धि, वैचारिक राजनीतिक रुपान्तरण र संगठन परिचालनका लागि पार्टी स्कूल र प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ज) पार्टी सदस्यहरुको जीवन निर्वाहका लागि श्रम तथा अर्थोपार्जनका योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(झ) प्रदेशसभा र प्रदेश सरकारसँग सम्बन्धित जनप्रतिनिधिको सिफारिस तथा राजनीतिक नियुक्ति, विकास निर्माणलगायतका प्रादेशिक राजकीय मामिलासँग जोडिएका कार्यहरु गर्ने ।

(ञ) प्रदेश पार्टीको वैचारिक राजनीतिक नेतृत्व गर्ने ।

(ट) संगठन निर्माण र सुदृढीकरण र परिचालन गर्ने ।

(ठ) सामाजिक सांस्कृतिक रुपान्तरण, सामाजिक न्याय, शिक्षा, स्वास्थ्यलगायतका कार्यहरु गर्ने

(ड) प्रदेश समितिका सदस्यहरू, मातहतको समिति र प्रदेशमा विशेष जिम्मेवारीमा रहेका व्यक्तिहरूको लेबी तोक्ने र आर्थिक कोष निर्माण एवं परिचालन गर्ने,

(ट) जिल्लाले दिएको पार्टी सदस्यको सदस्यता नम्बर प्रदान गर्ने र अभिलेख राख्न केन्द्रीय कार्यालयमा पठाउने,

(ठ) मातहतको कुनै जिल्ला समिति अनुशासनात्मक कारबाहीमा परी समिति विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको अवस्थामा अधिवेशन नहुँदासम्मको लागि केन्द्रीय समितिको स्वीकृतिमा जिल्ला संगठन समिति गठन गरी सञ्चालन गर्ने,

(ड) सहरी क्षेत्रहरुमा गैर भौगोलिक प्रकारका पार्टी समिति-महाशाखाहरु गठन गरी सञ्चालन गर्ने ।

(ढ) प्रदेश अधिवेशनको आयोजना गर्ने,

(ण) आफ्नो समितिको कूल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश सल्लाहकार समिति र भेटरन कम्युनिष्ट मञ्च गठन गर्ने,

(त) आफ्नो तहका जनवर्गीय, पेशागत, मोर्चा र अन्य सामाजिक सङ्गठनहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने,

(थ) आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा केन्द्रीय समितिमा पठाउने,

(द) राष्ट्रिय महाधिवेशनको लागि प्रतिनिधि चयन गर्ने ।

(ध) यस विधानमा उल्लेख गरिएका कार्यहरू गर्ने ।

**(४) प्रदेश सचिवालयका काम, कर्तव्य र अधिकार बमोजिम हुनेछन् :**

(क) प्रदेश समितिका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आफूले गरेका निर्णयहरू अनुमोदनका लागि प्रदेश समितिमा प्रस्तुत गर्ने,

(ख) प्रदेश पदाधिकारी तथा सचिवालय सदस्यहरुको बीचमा कार्यविभाजन गर्ने,

(ग) प्रदेश तहका विभाग, मातहत समिति, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र प्रदेश समितिमा प्रस्तुत गर्ने,

(घ) समसामयिक विषयमा पार्टीका धारणा सार्वजनिक गर्ने,

(ङ) प्रदेश सचिवालयका निर्णयअनुरूप मातहत समिति र सदस्यहरूलाई निर्देशन जारी गर्ने,

(च) प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(५) प्रदेश कार्यालय :**

(क) प्रदेश समितिले प्रदेश अध्यक्षको नेतृत्वमा प्रदेशका पदाधिकारीसहितको प्रदेश कार्यालय गठन गरी सञ्चालन गर्नेछ ।

(ख) प्रदेश कार्यालयका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(अ) प्रदेश समितिको कार्यालय सञ्चालन गर्ने,

(आ) प्रदेशस्तरबाट तयार गरिनु पर्ने कार्य योजना र कार्यक्रमको प्रस्ताव तयार गरी प्रदेश सचिवालय र प्रदेश समितिको बैठकमा प्रस्तावित गर्ने,

(इ) प्रदेश समितिको बैठकका लागि कार्यसूची तयार गर्ने,

(ई) प्रदेश समिति र प्रदेश सचिवालयले तोकेका जिम्मेवारी बहन गर्ने ।

**(६) प्रदेश अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) प्रदेश समितिको समग्र काममा नेतृत्व गर्ने,

(ख) प्रदेश समिति, प्रदेश सचिवालय र प्रदेश कार्यालयका बैठकको अध्यक्षता गर्ने,

(ग) प्रदेश समितिको बैठकमा प्रदेश कार्यालयको तर्फबाट र प्रदेश अधिवेशनमा प्रदेश समितिको तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) प्रदेश अधिवेशन र प्रदेश समितिका निर्णय कार्यान्वयन गर्ने र गराउने,

(ङ) प्रदेश समितिका समग्र कामको अनुगमन, निरीक्षण र मूल्यांकन गर्ने,

(च) प्रदेश समितिको आय-व्ययको लेखा राख्न लगाउने,

(छ) केन्द्रीय कार्यालय, पदाधिकारी/स्थायी समिति वा केन्द्रीय समितिले दिएको निर्देशन पालन गर्ने ।

(ज) पार्टी केन्द्रीय समिति र पोलिटव्यूरोका बैठकहरुमा सहभागि हुने ।

(झ) प्रदेश समितिले तोकेका कार्यहरु गर्ने ।

**(७) प्रदेश उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका अन्य अधिकारहरूको प्रयोग गरी कार्य गर्ने,

(घ) अध्यक्षको कार्यहरूमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(ङ) प्रदेश समितिले तोकेका अन्य कार्यहरु गर्ने,

**(८) प्रदेश समिति सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) अध्यक्षको निर्देशनमा प्रदेश समितिको बैठक बोलाउने,

(ख) अध्यक्षको निर्देशनमा कार्यसूची तथा कार्ययोजना बनाई प्रदेश कार्यालयको बैठकमा प्रस्तुत गर्ने,

(ग) कार्यालय सञ्चालन गर्ने तथा सङ्गठनात्मक अभिलेख राख्ने,

(घ) सङ्गठनात्मक कामको अनुगमन, निरीक्षण र मूल्यांकन गर्ने,

(ङ) प्रदेश समितिको बैठकमा कार्यालयको तर्फबाट र प्रदेश अधिवेशनमा प्रदेश समितिको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) प्रदेश समितिले तोकेका अन्य कामहरू गर्ने ।

**(९) प्रदेश समिति सहसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै कार्यहरु गर्ने,

(ख) सचिवले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) सचिवको कार्यमा सहयोग पुऱ्याउने र परामर्श दिने,

(घ) प्रदेश समितिले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने,

**(१०) प्रदेश समिति कोषाध्यक्षको अधिकार र कर्तव्य :**

(क) प्रदेश समितिको आर्थिक आय-व्यय विवरण राख्ने,

(ख) आर्थिक अनुशासन कायम राख्ने,

(ग) श्रम तथा आर्थिक उपार्जनका कामहरुको योजना बनाउने,

(घ) लेबी, कोटा नियमित र व्यवस्थित गर्ने,

(ङ) लेखा प्रणालीलाई व्यवस्थित गर्ने,

(च) आर्थिक योजनाको प्रस्ताव तयार पार्न सचिवलाई सहयोग गर्ने,

(छ) आर्थिक योजनाहरु कार्यान्वयन गर्न र गराउन अनुगमन, निरीक्षण र मूल्यांकन गर्ने ।

**(११)** प्रदेशका पदाधिकारीहरु केन्द्रीय समितिको बैठकहरुमा सहभागि हुनेछन् ।

**धारा - २४ काठमाडौं उपत्यका विशेष प्रदेश समिति :** काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर गरी तीन जिल्ला र काठमाडौं उपत्यकामा केन्द्रीय समितिले तोकेको जनवर्गीय र पेशागत संगठनहरु तथा विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा आई अस्थायी बसोबास गरिरहेका जनसमुदाय बीच संगठनात्मक कार्यहरु गर्न उपत्यका विशेष प्रदेश समिति गठन गरी सञ्चालन गरिनेछ ।

*(छलफलका क्रममा वर्तमान तीन प्रदेश समिति नै यथावत राख्ने वा सम्पर्क समन्वय प्रदेश र उपत्यका विशेष प्रदेश बनाउनेबारे विकल्पहरु पनि छलफलमा रहेका छन् ।)*

## भाग - ७
## स्थानीय समिति

### धारा- २५ स्थानीय समितिहरु

**(१) जिल्ला समिति/महाशाखा**

(क) प्रदेश समितिको मातहतमा ७७ वटा भौगोलिक जिल्ला समिति र सहरी क्षेत्रहरुमा महाशाखा समितिहरु गठन हुनेछ ।

(ख) समितिको गठन सामाजिक समावेशीको मूल मर्म र मान्यताअनुरुप जिल्ला अधिवेशनबाट गरिनेछ ।

(ग) जिल्ला समितिले बहुपदीय मान्यताका आधारमा जिल्ला अध्यक्ष, दुई जना उपाध्यक्ष, सचिव, दुई जना सहसचिव र कोषाध्यक्ष गरी बढीमा ७ सदस्य पदाधिकारी बनाउन सकिनेछ । पदाधिकारीसहित समितिमा बढीमा ९९ जनासम्म सदस्य रहन सक्नेछ ।

(घ) जिल्ला समितिको कूल सदस्य संख्याको बढीमा एक तिहाइसम्म जिल्ला सचिवालय गठन गरिनेछ ।

(ङ) पदाधिकारी र सचिवालय जिल्ला समितिले गठन गर्नेछ ।

## २) जिल्ला समितिको काम, कर्तव्य र अधिकार

(क) जिल्ला समितिको नियमित रुपमा बैठक बसी जिल्ला पार्टीको योजना निर्माण गरी कार्यान्वयन गर्ने र गराउने ।

(ख) जिल्ला समितिका सदस्यको कार्यविभाजन गर्ने ।

(ग) जिल्ला समिति मातहतका गाउँ/नगर समिति लगायतका पार्टी समितिहरुको काम कारबाहीको अनुगमन, निरीक्षण, मूल्यांकन गरी ती समितिहरुमा आवश्यक निर्देशन जारी गर्ने ।

(घ) पार्टी सदस्यहरुको लगत विवरण अध्यावधिक गर्ने ।

(ङ) जिल्लास्तरको अनुसाशन समिति, लेखापरीक्षण समिति, सल्लाहकार समिति, निर्वाचन समिति, भेटरन कम्युनिष्ट मञ्च, पार्टी स्कूल विभाग, श्रम-आर्थिक उत्पादन विभागलगायतका आवश्यक विभागहरु गठन गरी सञ्चालन गर्ने ।

(च) पार्टी सदस्यहरुको आत्मनिर्भर आर्थिक जीवनका लागि श्रम तथा आर्थिक उत्पादनका कार्यक्रम र योजना बनाई कार्यान्वयन गर्ने ।

(छ) जिल्ला स्तरका जबस मोर्चा र पेशागत संगठनहरुमा वैचारिक तथा नीतिगत नेतृत्वका लागि प्रयत्नरत रहने ।

(ज) पार्टी सदस्यहरुको क्षमता अभिवृद्धिका लागि पार्टी स्कूल, तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(झ) भौगोलिक संरचनामा नसमेटिएका पार्टी सदस्यहरुबीच शाखा गठन गरी सञ्चालन गर्ने ।

(ञ) पार्टी सदस्य तथा मातहतका समितिहरुको लेबी, कोटा निर्धारण गर्ने, जिल्ला पार्टीको कोष खडा गर्ने र सञ्चालन गर्ने ।

(ट) निर्वाचन क्षेत्र समन्वय समितिहरु गठन गरी सञ्चालन गर्ने ।

(ठ) पार्टी केन्द्र र प्रदेशका नीति निर्देशनहरुलाई कार्यान्वयन गर्ने र गराउने ।

(ड) जिल्लाका जनसमुदायको हकहित र अधिकारका लागि निरन्तरत संघर्षरत रहने ।

(ढ) जिल्लाको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासका निम्ति निरन्तर प्रयत्नरत रहने ।

(ण) पार्टी सदस्य तथा समितिहरुले अनुशासन उलंघन गरेको अवस्थामा विधानले व्यवस्था गरेअनुरुपका अनुशासनका कारबाही गर्ने ।

(त) जिल्ला मातहतका नगर/गाउँ समितिहरुको अधिवेशन नभएको अवस्थामा नगर/गाउँ संगठन समिति बनाइ सञ्चालन गर्ने ।

(थ) जिल्लास्तरका राजकीय संरचनासम्बन्धित कार्यहरुका लागि सिफारिस गर्ने, प्रतिनिधि चयन गर्ने, विकास निर्माणसम्बन्धी कार्य सञ्चालन गर्ने लगायतका कार्यहरु गर्ने ।

(द) जिल्ला पार्टीको वैचारिक राजनीतिक नेतृत्व गर्ने ।

(ध) संगठन निर्माण र सुदृढीकरण र परिचालन गर्ने ।

(न) सामाजिक सांस्कृतिक रुपान्तरण, सामाजिक न्याय, शिक्षा, स्वास्थ्यलगायतका कार्यहरु गर्ने ।

**(३) समन्वय समितिहरु**

(अ) जिल्ला समितिको मातहतमा निर्वाचन परिचालनलाई केन्द्रबिन्दु बनाई संघीय तथा प्रादेशिक निर्वाचन क्षेत्र अनुरुपका समन्वय समितिहरु गठन गरी सञ्चालन गरिनेछ ।

(आ) एउटै जिल्ला संघीय निर्वाचन क्षेत्र भएको स्थितीमा जिल्ला समितिले नै संघीय निर्वाचन क्षेत्रको भूमिका निर्वाह गर्नेछ ।

(क) **प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन**

(अ) जिल्ला समितिले तोकेको संयोजक, उक्त निर्वाचन क्षेत्रमा कार्यक्षेत्र भएका जिल्ला समितिका सदस्यहरु, सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतका महानगर, उपमहानगर, नगर तथा गाउँ समितिका अध्यक्षहरु, पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु(प्रतिनिधिसभा, प्रदेशसभा, पालिका र वडा अध्यक्षहरु) रहनेछन् ।

(आ) समन्वय समितिले दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि आफूमध्येबाट एक जना सदस्य सचिव तोक्न सक्नेछ ।

(ख) **प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन**

**(अ)** जिल्ला समितिले तोकेको संयोजक, उक्त निर्वाचन क्षेत्रमा कार्यक्षेत्र भएका जिल्ला समितिका सदस्यहरु, सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतका महानगर, उपमहानगर, नगर तथा गाउँ समितिका अध्यक्षहरु, पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु(प्रतिनिधिसभा, प्रदेशसभा, पालिका र वडा अध्यक्षहरु) रहनेछन् ।

(आ) समन्वय समितिले दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि आफूमध्येबाट एक जना सदस्य सचिव तोक्न सक्नेछ ।

**(४) स्थानीय समितिको संरचना र संख्या बढीमा निम्नानुसार हुनेछ :**

(क) महानगर समिति- ९९,

(ख) उपमहानगर समिति-७५,

(ग) नगर समिति-५५,

(घ) गाउँ समिति/शाखा समिति ४५,

(ङ) वडा समिति/उपशाखाहरुमा-२५

(च) टोल/प्रशाखामा-१५,

(छ) पार्टी सेल-३,

(ज) हरेक तहको कार्यालयले आवश्यक ठानेमा एक सदस्यीय सम्पर्क व्यक्ति पनि रहन सक्नेछ ।

**(५) नगर/गाउँ/शाखा, वडा/उपशाखा र टोल/इकाइमा निम्न अनुसारको पदाधिकारीहरुको व्यवस्था हुनेछ :**

(क) गाउँ/नगर र शाखा समितिहरुमा अध्यक्ष, उपाध्यक्ष २ जना, सचिव, सहसचिव २ र कोषाध्यक्ष गरी ७ सदस्यीय पदाधिकारी हुनेछ ।

(ख) वडा र उपशाखा समितिहरुमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष गरी ५ सदस्यीय पदाधिकारी हुनेछ ।

(ग) टोल र प्रशाखा समितिहरुमा अध्यक्ष र सचिव गरी दुई पदीय पदाधिकारीको व्यवस्था रहनेछ ।

(घ) सेलहरुमा सचिवको एक पदीय व्यवस्था हुनेछ ।

**(६) नगर/गाउँर/शाखा, वडा/उपशाखाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(क) आफ्नो तहमा समितिको कूल सदस्य सङ्ख्याको एक तिहाईभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने,

(ख) नियमित रूपमा बैठक बसी आफ्नो कार्यक्षेत्रको समग्र पार्टी कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

(ग) आफ्नो समितिका सदस्यहरूको कार्यविभाजन गर्ने,

(घ) स्थानीय पालिका समितिले आफ्ना तहको अनुसाशन समिति, लेखापरीक्षण समिति, निर्वाचन समिति, सल्लाहकार समिति, भेटरन कम्युनिष्ट मञ्च, पार्टी स्कूल विभाग, श्रम-आर्थिक उत्पादन विभागलगायतका आवश्यक विभागहरु गठन गरी सञ्चालन गर्ने ।

(ङ) आफ्नो तहको स्थानीय सरकारसम्बन्धी जनप्रतिनिधि छनौट, राजनीतिक नियुक्ति, विकास आयोजनाहरुको तर्जुमा लगायतका सरकारसम्बन्धी कार्यहरु गर्ने ।

(च) आफ्नो कार्यक्षेत्रको शोषित पिडित श्रमजीवि वर्ग एवम् समुदायको हक, हित, अधिकार र न्यायको पक्षमा संघर्ष गर्ने, शिक्षा, स्वास्थ्य, समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

(छ) आफ्नो समिति र मातहतका नेता-कार्यकर्ताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कूल र प्रशिक्षण सञ्चालन गर्ने,

(ज) आफ्नो तहमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूलाई विशेष जिम्मेवारी प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति र निर्देशन अनुरुप प्रशिक्षण दिने र जनताको हितमा परिचालन गर्ने,

(झ) आफ्नो समितिका सदस्य, मातहत समिति र आफ्नो सिफारिशमा विभिन्न निकायहरुमा नियुक्ति प्राप्त व्यक्तिहरूलाई लेबी तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

(ञ) नगर/गाउँ र वडाले आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

(ट) आफ्नो समितिका कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार समिति र भेटरान कम्युनिष्ट मञ्च बनाउने,

(ठ) आफ्नो तहका जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक सङ्गठनहरूलाई वैचारिक, राजनीतिक नेतृत्व प्रदान गर्ने,

(ड) आफ्नो स्तरको पार्टीको वैचारिक राजनीतिक नेतृत्व गर्ने,

(ढ) संगठन निर्माण र सुदृढीकरण र परिचालन गर्ने,

(ण) सामाजिक सांस्कृतिक रुपान्तरण, सामाजिक न्याय, शिक्षा, स्वास्थ्यलगायतका कार्यहरु गर्ने

(त) माथिल्लो समितिका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

(थ) आफ्ना कामको प्रतिवेदन नियमित रूपमा माथिल्लो समितिमा पठाउने,

(द) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

(ध) भौगोलिक समितिमा नसमेटिएका पार्टी सदस्यहरुलाई उपशाखा र इकाई बनाइ सञ्चालन गर्ने ।

(न) वडा समिति गठन भएका वडाहरुमा गाउँ तथा नगर समितिले वडा भेला गरी वडा संगठन समिति गठन गरी सञ्चालन गर्ने,

(प) वडा समितिहरुले वडा मातहत पार्टी सदस्यहरुको भेला गरी टोल समितिहरु र आवश्यक संख्यामा सेलहरु गठन गरी सञ्चालन गर्न सक्नेछ । टोल र सेलहरुको संगठनात्मक क्षेत्राधिकार वडा समितिले तोकेअनुसार हुनेछ ।

**(७) नगर/गाउँ/शाखा र वडा/उपशाखाको सचिवालयको काम, कर्तव्य र अधिकार :**

(क) समितिका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आफूले गरेका निर्णयहरू अनुमोदनका लागि समितिमा प्रस्तुत गर्ने,

(ख) आफ्नो तहका विभाग, मातहत समिति, स्थानीय तह दल, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र समितिमा प्रस्तुत गर्ने,

(ग) समसामयिक विषयमा पार्टीका धारणा सार्वजनिक गर्ने,

(घ) सचिवालयका निर्णयअनुरूप मातहत समिति र सदस्यहरूलाई निर्देशन जारी गर्ने,

(ङ) आफ्नो समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(८) नगर/गाउँ/शाखा, वडा/उपशाखा र टोल/सेलको कार्यालय :**

(क) स्थानीय समितिहरूले आफ्नो समितिका पदाधिकारी रहेको कार्यालय गठन गर्नेछन्,

(ख) कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(अ) आफ्नो समितिको कार्यालय सञ्चालन गर्ने,

(आ) सचिवालय र समितिको बैठकको लागि कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

(इ) कार्ययोजना र कार्यक्रमको प्रस्ताव तयार गर्ने र सचिवालय र समितिको बैठकमा प्रस्तुत गर्ने,

(ई) सचिवालय र समितिले तोकेका कार्यहरु गर्ने ।

**(९) नगर/गाउँ/शाखा, वडा/उपशाखा र टोल/इकाइको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समितिलाई समग्र काममा नेतृत्व गर्ने,

(ख) कार्यालय, सचिवालय र समितिका बैठकको अध्यक्षता गर्ने,

(ग) समितिका बैठक, भेला तथा अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) आफ्नो भेला तथा अधिवेशन र समितिका निर्णय कार्यान्वयन गर्ने र गराउने,

(ङ) समितिका समग्र कामको अनुगमन गर्ने,

(च) समितिको आय-व्ययको लेखा राख्न लगाउने,

(छ) आफ्नो समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(१०) नगर/गाउँ/शाखा, वडा/उपशाखाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने,

(ख) अध्यक्षले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) अध्यक्षको कार्यहरुमा सहयोग पुऱ्याउने र परामर्श दिने,

(घ) समितिले तोकेबमोजिमका कार्यहरु गर्ने,

**(११) नगर/गाउँ/शाखा, वडा/उपशाखा र टोल/प्रशाखाको सचिवका काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको निर्देशनमा कार्यलय, सचिवालय र समितिको बैठक बोलाउने,

(ख) अध्यक्षको निर्देशनमा कार्यसूची र कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

(ग) कार्यालय सञ्चालन गर्ने र सङ्गठनात्मक अभिलेख राख्ने,

(घ) सङ्गठनात्मक कामको अनुगमन गर्ने,

(ङ) समितिको बैठक, भेला र अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) समितिले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने ।

**(१२) नगर/गाउँ/शाखा, वडा/उपशाखाको सहसचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै कार्यहरु गर्ने,

(ख) सचिवले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) सचिवको कार्यमा सहयोग पुऱ्याउने र परामर्श दिने,

(घ) समितिले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने,

**(१३) नगर/गाउँ/शाखा, वडा/उपशाखाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) कोष तथा आर्थिक व्यवस्थापन गर्ने,

(ख) समितिको आर्थिक आय-व्यय विवरण दुरुस्त राख्ने,

(ग) लेखा प्रणाली आर्थिक अनुशासन र पारदर्शीता कायम राख्ने,

(घ) श्रम तथा उत्पादनमूलक आर्थिक कार्यक्रमहरु तर्जुमा गर्ने,

(ङ) लेवी, कोटा नियमित र व्यवस्थित गर्ने,

**धारा - २६ सङ्गठन समिति**

**(१)** माथिल्लो समितिको निर्णयद्वारा गठन गरिने सबै समितिहरू आ-आफ्नो तहमा सङ्गठन समिति हुनेछन्।

**(२)** निर्वाचित समिति नभएको ठाउँमा र निर्वाचित समितिको अवधि समाप्त भएको अवस्थामा माथिल्लो समितिको निर्णयद्वारा गठन गरिने सबै समितिहरू आ-आफ्नो तहमा सङ्गठन समिति हुनेछन् ।

**(३)** विशेष अवस्थामा केन्द्रीय समितिले आफ्नो मातहतको कुनै पनि तहमा सङ्गठन समिति निर्माण गर्न सक्नेछ ।

**(४)** सङ्गठन समितिको अधिकार र कर्तव्य आफ्नो तहको निर्वाचित समितिको सरह हुनेछ ।

**(५)** सङ्गठन समितिको मुख्य काम तोकिएको समयभित्र आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

## भाग - ८
## विभाग, मोर्चा र कार्यदल

### धारा - २७ विभाग

(१) पार्टीको केन्द्रीय समिति, प्रदेश, जिल्ला, नगर/गाउँ र वडा समितिअन्तर्गत पार्टीलाई नीतिगत विषयहरुमा सुझाव दिन र पार्टीलाई सशक्तिकरण गर्नका लागि पार्टी स्कूल विभाग, आर्थिक-उत्पादन विभागलगायतका विभागहरु गठन गरी सञ्चालन गरिनेछ ।

(२) पार्टी समितिहरुले आ-आफ्नो तहको विभागहरु गठन गरी क्षेत्राधिकार तोक्नेछ ।

(३) विभागहरु सञ्चालनका लागि आवश्यक स्रोत साधनको व्यवस्था सम्बन्धित तहको पार्टी समितिले गर्नेछ।

### धारा - २८ जबस, पेशागत र मोर्चाबारे

(१) विभिन्न जनवर्ग, पेशा व्यावसाय र समुदायहरुको बीचमा आफ्नो वर्गीय तथा पेशागत हकहित र अधिकारका निम्ति विभिन्न जनवर्गीय संगठन, पेशागत संगठन र जातीय मोर्चाहरु गठन गरी सञ्चालन गरिनेछ ।

(२) जबस र मोर्चाहरु आ-आफ्ना विधानअनुसार स्वायत्त ढंगले सञ्चालन हुनेछन् ।

(३) पार्टीले जबस मोर्चाहरुको वैचारिक नेतृत्व गर्नेछ ।

(४) जबस र सोचाहरुको वैचारिक नेतृत्वका लागि पार्टीले आवश्यक संयन्त्र बनाइ सञ्चालन गर्नेछ ।

(५) जबस र मोर्चामा कार्य गर्नका लागि सम्बन्धित जबस वा मोर्चाको सदस्य संख्याको बढीमा एक तिहाइसम्म संगठित पार्टी सदस्यहरु खटाउन सकिनेछ ।

**धारा - २९ कार्यदल :** कुनै पनि तहको पार्टी समितिले निश्चित प्रयोजनका लागि क्षेत्राधिकार तोकी कार्यदल गठन गरी सञ्चालन गर्न सक्नेछ ।

## भाग - ९
## अधिवेशन, कार्य समिति र पदाधिकारीको योग्यता

### धारा-३० राष्ट्रिय महाधिवेशनको प्रनितिधि

(१) राष्ट्रिय महाधिवेशनको प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य भई कम्तिमा १० वर्ष काम गरेको हुनुपर्नेछ ।

(२) गरीबीको रेखामुनि रहेका परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा भने पार्टी सदस्य भई कम्तिमा ८ वर्ष काम गरेको हुनुपर्नेछ ।

### धारा-३१ केन्द्रीय समिति सदस्यको योग्यता

(१) केन्द्रीय समिति वा केन्द्रीय निकायको सदस्य भई काम गरेको,

(२) प्रदेश समितिको सदस्य भई कम्तिमा दुई कार्यकाल काम गरेको,

(३) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा भने कम्तिमा एक कार्यकाल प्रदेशमा रही काम गरेको,

**धारा-३२** पोलिटब्यूरोको सदस्यका लागि न्यूनतम एक कार्यकाल केन्द्रीय समितिको सदस्य भइ काम गरेको ।

**धारा-३३** स्थायी/पदाधिकारीका लागि कम्तिमा एक कार्यकाल पोलिटब्यूरो सदस्य भइ काम गरेको ।

**धारा -३४ प्रदेश अधिवेशन, प्रदेश समिति सदस्य र पदाधिकारी योग्यता :**

**(१)** प्रदेश अधिवेशनको प्रतिनिधिको योग्यता

(क) पार्टी सदस्य भई कम्तिमा ८ वर्ष काम गरेको ।

(ख) गरीबीको रेखामुनि रहेका परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमापार्टी सदस्य भई ६ वर्ष काम गरेको ।

**(२) प्रदेश समिति सदस्यको लागि योग्यता**

(क) प्रदेश समिति वा सो सरहको समितिमा काम गरेको,

(ख) जिल्ला समितिमा कम्तिमा दुई कार्यकाल काम गरेको,

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा पार्टी सदस्य भई कम्तिमा एक कार्यकाल काम गरेको ।

(३) प्रदेश पदाधिकारी तथा सचिवालयका लागि प्रदेश समितिमा कम्तिमा एक कार्यकाल काम गरीसकेको ।

**धारा - ३५ जिल्ला अधिवेशन, जिल्ला समितिको सदस्य तथा पदाधिकारीको योग्यता :**

(१) जिल्ला अधिवेशनको प्रतिनिधि हुनका लागि

(क) कम्तिमा ६ वर्ष पार्टी समितिमा काम गरेको ।

(ख) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा पार्टी सदस्य भई चार वर्ष काम गरेको हुनुपर्नेछ ।

(२) जिल्ला समितिको सदस्यका लागि

(क) जिल्ला समिति वा सो सरहको समितिमा काम गरिसकेको ।

(ख) नगर/गाउँ समितिमा दुई कार्यकाल काम गरिसकेको ।

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा एक कार्यकाल नगर/गाउँ समितिमा काम गरेको ।

**(३) जिल्ला समितिको पदाधिकारी तथा सचिवालय सदस्यका लागि** कम्तिमा जिल्ला समितिमा एक कार्यकाल काम गरिसकेको हुनुपर्नेछ ।

**धारा - ३६ गाउँ/नगर अधिवेशन, गाउँ/नगर समिति सदस्य र पदाधिकारीको योग्यता :**

(१) गाउँ/नगर अधिवेशन प्रतिनिधिका लागि

(क) प्रतिनिधि हुनका लागि कम्तिमा ४ वर्ष पार्टी सदस्य भइ काम गरेको ।

(ख)गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा पार्टी सदस्य भई २ वर्ष काम गरेको हुनु पर्नेछ ।

**(२) गाउँ/नगर समिति सदस्यको योग्यता**

(क) गाउँ/नगर समिति वा सो सरहको समितिमा काम गरेको ।

(ख) वडा समितिमा दुई कार्यकाल काम गरेको ।

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा वडा समितिमा एक वर्ष कार्यकाल काम गरेको ।

**धारा-३७ वडा अधिवेशन, वडा समिति सदस्य र वडा पदाधिकारीको योग्यता**

**(१) वडा अधिवेशन**

(क) वडा अधिवेशनको प्रतिनिधि हुनका लागि कम्तिमा दुई वर्ष पार्टी सदस्य भइ काम गरेको ।

(ख) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु र अपाङ्गता भएका व्यक्ति, र ४० वर्ष मुनिका युवाहरू हकमा एक वर्ष पार्टी सदस्य भइ काम गरेको ।

**(२) वडा समिति सदस्यको योग्यता**

(क) वडा समिति वा सो सरहको समितिमा काम गरेको ।

(ख) टोल समितिमा दुई कार्यकाल काम गरेको ।

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु, अपाङ्गता भएका व्यक्ति र ४० वर्ष मुनिका युवाहरू हकमा टोल समितिमा रहेर एक कार्यकाल काम गरेको ।

(३) वडा समितिको पदाधिकारीका तथा सचिवालयका लागि वडा समितिमा रही एक कार्यकाल काम गरेको ।

## भाग - १०
## निर्वाचन, सपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति

**धारा - ३८ निर्वाचन**

**(१)** राष्ट्रिय महाधिवेशन र सबै तहका अधिवेशनका प्रतिनिधिहरु सम्बन्धित समितिले तोकेबमोजिम पार्टी सदस्यहरुबाट निर्वाचित हुनेछन् । तर, राष्ट्रिय महाधिवेशन वा अधिवेशन आयोजना गर्ने समितिका आयोजकहरु स्वतः महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुनेछन् ।

**(२)** विधान अनुसारको केन्द्रीय समितिको गठन राष्ट्रिय महाधिवेशनले गर्नेछ ।

(३) पोलिटब्यूरो, स्थायी समिति वा पदाधिकारीको गठन केन्द्रीय समितिले गर्नेछ ।

(४) प्रदेश समिति, जिल्ला समिति, गाउँ/नगर समिति र वडा समितिको गठन सोही तहको अधिवेशनले गर्नेछ ।

(५) प्रदेश, जिल्ला तथा स्थानीय तहका समितिका पदाधिकारी तथा सचिवालयको गठन सोही तहको समितिले गर्नेछ ।

(६) टोल र सेलको गठन पार्टी सदस्यहरुको भेलाबाट गरिनेछ ।

*(पदाधिकारी र समितिका सदस्यहरु सबै प्रत्यक्ष निर्वाचन गर्नुपर्ने राय पनि रहेको)*

**धारा - ३९ निर्वाचन विधि**

**(१)** सबै तहका पार्टी समितिहरु आ-आफ्नो तहको पार्टी अधिवेशन वा महाधिवेशनबाट गठन गरिने छ ।

(२) सबै तहका पार्टी समितिहरुको गठन गर्दा र अधिवेशनका प्रतिनीधिहरु छनौट गर्दा मुलुकको बहुजातीय सामाजिक विशेषता अनुरुपको समानुपातिक समावेशीताको आधारमा गरिनेछ । त्यसको लागि समितिको कूल सदस्य संख्याको ४९ प्रतिशत समानुपातिक र बाँकी ५१ प्रतिशत खुला गरी प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

(३) सबै तहको पार्टी समितिमा कूल सदस्य संख्याको कम्तिमा ३५ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनेछ ।

(४) समानुपातिक तर्फको ४९ प्रतिशतलाई शतप्रतिशत मानि त्यसलाई जनसंख्याको अनुपातमा दलित, मुस्लिम, मधेशी, थारु, आदिबासी जनजाति र खसआर्य समुदायको सीट संख्या निर्धारण गरिनेछ । यसरी सीट निर्धारण गर्दा प्रत्येक समुहबाट ५० प्रतिशत महिला प्रतिनिधित्व गरिनेछ ।

(५) ४० वर्ष मुनिका युवा उमेर समूहको सहभागिताको लागि ४९ प्रतिशत समानुपातिक तर्फको सिटलाई १०० प्रतिशत मानि त्यसमध्ये २० प्रतिशत युवा सहभागिता निश्चित गर्न सबै समूहबाट कम्तिमा २०/२० प्रतिशत महिला युवा सहभागिताको व्यवस्था गरिनेछ ।

(६) समानुपातिक तर्फको कुनै पनि समूहको महिला तथा युवा महिलातर्फको तोकिएको सिट संख्या महाधिवेशन वा अधिवेशनबाट पूरा चयन हुन नसकेमा उक्त रिक्त सिटहरु नवगठित कार्यसमितिले पुनः सोही समूहबाट पूर्ति गर्न सक्नेछ ।

(७) विशेषाधिकारको मान्यताअनुसार कूल समानुपातिक सिट मध्येबाट दलितको हकमा १५ प्रतिशत र मुस्लिमको हकमा ५ प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ ।

(८) संरक्षणको मान्यताअनुसार हरेक समितिमा लोपोन्मुख जाति, पिछडिएको क्षेत्र र अपांगता भएका व्यक्तिहरुको प्रतिनिधित्वको मान्यतालाई अबलम्बन गरिनेछ ।

(९) खुला र समानुपातिक तर्फका सबै समूहको सदस्यमध्ये ८० प्रतिशत अधिवेशनबाट र २० प्रतिशत सम्बन्धित तहको नवगठित समितिले चयन गर्नेछ ।

(१०) भौगोलिक प्रदेश, जिल्ला, गाउँ/नगर र वडा समितिहरुमा समानुपातिक समावेशी गर्दा सोही क्षेत्रको जातिय सामाजिक वनावट र त्यस अनुरुपको जनसंख्यालाई आधार बनाईने छ ।

(११) कतिपय स्थानहरुमा सामूदायिक जनसंख्या रहेको, तर पार्टी समितिमा रहनका लागि पार्टी विधानले निर्धारण गरेको उमेदवारको मापदण्ड नपुगेमा त्यस प्रकारका स्थानहरुको सिट रिक्त रहने छ र भविष्यमा जुन समयमा उमेदवारको योग्यता पूरा हुन्छ, त्यही समयमा रिक्त स्थान पूर्ति गरिनेछ ।

(१२) काठमाडौं उपत्यकामा बन्ने विशेष प्रदेश र प्रवासमा बन्ने पार्टी प्रदेश समिति र उक्त प्रदेशहरु अन्तरगत बन्ने महाशाखा, शाखा, उपशाखा र इकाई समितिहरुमा सोही क्षेत्रमा रहेका पार्टी सदस्यहरुको अनुपातको आधारमा समानुपातिक समावेशी गरिनेछ । गैरभौगोलिक समितिहरु-महाशाखा, शाखा, उपशाखा र इकाई समितिहरुमा पनि सोही क्षेत्रमा रहेका पार्टी सदस्यहरुको जनसाङ्ख्यिक बनावटको अनुपातमा प्रतिनिधित्व गरिनेछ ।

(१३) समिति गठन गर्दा सहमतिले गरिनेछ, सहमति हुन नसकेमा निर्वाचन समितिले तय गरेको निर्वाचन विधिबाट गठन गरिनेछ ।

**धारा - ४० शपथ ग्रहण**

(१) देहायका व्यक्तिहरूले अनुसूची- बमोजिमको शपथग्रहण गर्नुपर्नेछ :

(क) सदस्य,

(ख) पार्टी समिति, पदाधिकारी र सदस्य ।

(२) सपथ ग्रहण गर्ने व्यक्तिले शपथ-पत्रमा हस्ताक्षर गरी सम्बन्धित समिति वा निकायमा बुझाउनु पर्नेछ ।

## धारा - ४१ कार्यकाल

(१) समितिको कार्याकाल

(क) केन्द्रीय समितिको कार्यकाल ५ वर्षको हुनेछ ।

(ख) प्रदेश समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

(ग) जिल्ला समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(घ) गाउँ/नगर समितिहरूको कार्यकाल ३ वर्षको हुनेछ ।

(ङ) वडा समितिको कार्यकाल २ वर्षको हुनेछ ।

तर विशेष अवस्थामा सम्बन्धित समितिको निर्णयअनुसार कार्यकाल बढीमा ६ महिना थप गर्न सकिने छ ।

(२) पदाधिकारी तथा समितिका सदस्यहरुको सदस्यको कार्यकाल बढीमा देहायबमोजिम हुनेछ :

(क) केन्द्रीय समितिको पदाधिकारी तथा सदस्यहरुका लागि दुई कार्यकाल

(ख) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरुका लागि तीन कार्याकाल

(ग) जिल्ला र गाउँ नगरका पादाधिकारी र सदस्यका लागि चार कार्यकाल

(घ) वडा पदाधिकारी र सदस्यका लागि पाँच कार्यकाल ।

## धारा - ४२ राजिनामा

(१) निर्वाचित समितिका पदाधिकारी वा सदस्यले पदबाट राजिनामा दिन चाहेमा अध्यक्षबाहेक अन्य पदाधिकारी र सदस्यले अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्ष समक्ष राजिनामा पेश गर्नेछन् ।

(२) केन्द्रीय समितिका अध्यक्षले राजिनामा दिन चाहेमा वरिष्ठ उपाध्यक्ष समक्ष पेश गर्नेछन् ।

(३) उपधारा १ र २ बमोजिम आएको राजिनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय सम्बन्धित समितिको बैठकले गर्नेछ ।

(४) हरेक तहको सल्लाहकार समिति, अनुशासन समिति, लेखा समिति, निर्वाचन समिति र विभागका पदाधिकारी तथा सदस्यहरुले आफ्ना पदबाट राजिनामा दिन चाहेमा आफ्नो अध्यक्षमार्फत् आफूलाई मनोनयन गर्ने समितिको अध्यक्षसमक्ष पेश गर्नेछन्, सम्बन्धित समितिले त्यस्तो राजिनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

## धारा -४३ पद रिक्तता

(१) देहायको अवस्थामा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :

(क) पदबाट दिएको राजिनामामा स्वीकृत भएमा,

(ख) पार्टी परित्याग गरेमा,

(ग) अनुशासनात्मक कारबाहीमा परी पदबाट निष्काशित भएमा,

(घ) बिना उचित कारण र बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा ।

**धारा - ४४ पदपूर्ति**

(१) पार्टीको कुनै पनि समितिका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा सम्बन्धित समितिको बैठकबाट पूर्ति गर्न सकिनेछ ।

(२) कुनै पनि समितिको सदस्य, सल्लाहकार समिति, भेटरन कम्युनिष्ट मञ्च विभाग तथा कार्यदलका सदस्यको पद रिक्त भएमा सम्बन्धित समितिले पूर्ति गर्नेछ ।

## भाग - ११
## कार्यविभाजन, अनुगमन तथा मूल्याङ्कन

**धारा- ४५ कार्यविभाजन**

(१) हरेक तहका समितिले आफ्ना पदाधिकारी र सदस्यको कार्यविभाजन आफैँ गर्नेछ ।

(२) सबै तहका समितिले कार्यविभाजन गर्दा सामान्यतया एउटा मुख्य र आवश्यकतानुसार सहायक जिम्मेवारी तोक्नेछन्, तर पार्टी समितिको हकमा एक व्यक्ति एक समितिको मान्यतालाई अबलम्वन गर्नुपर्नेछ ।

(३) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यविभाजन गर्दा सामान्यतः केन्द्रीय कार्यालय, केन्द्रीय विभाग, जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संगठन, मातहत समिति, उपत्यका विशेष समिति र प्रवास समितिको काममा प्रमुख तथा उपप्रमुख वा इञ्चार्ज तथा सहइञ्चार्जको जिम्मेवारी केन्द्रीय समितिले तोक्नेछ ।

(५) सबै तहका समितिमा कार्यविभाजन गर्दा पार्टी संगठन र राजकीय कामको आलोपालो गरिनेछ । कुनै पनि सदस्यलाई राजकीय कार्यविभाजन गर्दा दुई कार्यकालभन्दा बढी गरिने छैन ।

(६) **पार्टी इञ्चार्जको व्यवस्थाबारे :** पार्टीको नीतिगत, निर्देशन, रेखदेख र समन्वयका लागि हरेक तहको पार्टी समितिले आफ्नो पार्टीको मातहतको पार्टी समिति, आफ्नो तहमा रहेको मोर्चा, जबस, पेशागत संगठन र विभागहरुमा इन्चार्जको व्यवस्था गर्नेछ ।

**(७) विभाग तथा मोर्चाहरूमा इञ्चार्जको काम कर्तव्य र अधिकार :**

(क) पार्टीको तर्फबाट वैचारिक राजनीतिक नेतृत्व दिने,

(ख) राजनीतिक रुपमा सम्पर्क र समन्वय गर्ने,

(ग) पार्टीका नीति निर्णयहरुको सम्प्रेषण तथा स्पष्ट पार्ने,

(घ) पार्टीको विचार राजनीतिअनुरुप संगठन निर्माण र विस्तार गर्ने,

(ङ) पार्टीका निर्णयहरुको कार्यान्वयन गर्न सहजीकरण गर्ने,

**धारा - ४६ अनुगमन तथा मूल्याङ्कन :** प्रत्येक समितिले आफ्नो र मातहतका समितिहरु, पदाधिकारीहरु एवम् सदस्यहरूको कामको अनुगमन र मूल्याङ्कन गर्नेछन्, त्यसको अभिलेखिकरण गर्नेछन् ।

## भाग - १२
## सम्पर्क मञ्च, प्रवास क्षेत्र र अन्य सामाजिक सङ्गठनका कामहरु

**धारा - ४७ सम्पर्क मञ्च**

(१) विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा आएर अस्थायीरुपमा बसोबास गरीरहेका जनसमुदायको बीचमा विभिन्न तहका सम्पर्क मञ्चहरु बनाइ सञ्चालन गर्न सकिनेछ ।

(२) मञ्चहरूको गठन र सञ्चालन आ-आफ्नै विधानअनुसार हुनेछ ।

(३) सम्पर्क मञ्चहरुभित्र पार्टी समिति निर्माण र विस्तार गर्ने काम काठमाडौं उपत्यका विशेष प्रदेश समितिले गर्नेछ ।

**धारा - ४८ प्रवास क्षेत्रको काम :** प्रवासी नेपाली नागरिकहरुको बीचमा सम्पर्क र सम्बन्ध विस्तार गर्न, देशभक्ति एवम् राष्ट्रिय एकताको भावना जागृत गराइराख्न, प्रवासी नेपालीको हकहितको रक्षा गर्न र नेपालीको समस्या समाधानका लागि सहजिकरण गर्न प्रवासमा पार्टीले विभिन्न प्रकारका संरचनाहरु गठन गरी सञ्चालन गर्नेछ । प्रवासमा रहेका नेपालीहरु नेपालको प्रतिष्ठालाई स्थापित गर्न र विश्व समुदायको बीचमा जनस्तरमा भातृत्व सम्बन्ध विस्तार गर्न प्रयत्नशील रहनेछन् ।

**धारा - ४९ सामाजिक संगठनहरु :** सहिद परिवार, बेपत्तायोद्धा परिवार, घाइते तथा अपांग भएकाहरुको सहभागितामा उनीहरुको हकहित र अधिकारका लागि सामाजिक संगठनहरु निर्माण गरी सञ्चालन गर्न सकिनेछ ।

**धारा - ५० प्रतिष्ठान**

**(१) पार्टीसम्बद्ध प्रतिष्ठानहरू दुई प्रकारका हुनेछन् :**

(क) स्मृति प्रतिष्ठान,

(ख) अध्ययन-अनुसन्धान प्रतिष्ठान ।

(२) निधन भएका पार्टीका नेताहरु, सहिदहरु, आन्दोलनहरुको स्मृतिमा गठित र स्थापित स्मृति प्रतिष्ठानहरूले पार्टीको मूल नीति र विधान विपरीत नहुने गरी वैचारिक एवं सामाजिक काम गर्नेछन् ।

(३) अध्ययन-अनुसन्धान प्रतिष्ठानले समाज विज्ञानका विभिन्न विधाहरूमा अध्ययन-अनुसन्धान गरेर विविध सामग्रीहरू तयार पारी पार्टी नीतिलाई समृद्ध पार्न सहयोग गर्नेछन् ।

(४) पार्टी सम्बद्ध प्रतिष्ठानहरूको सञ्चालन पार्टीको सहमतिमा विधान वा नियमावली निर्माण गरी सञ्चालन गर्न सक्नेछ ।

## भाग - १३
## सङ्घीय संसद्, प्रदेससभा र स्थानीय तह

**धारा -५१** राज्यका विभिन्न अंगहरुमा पार्टीको विचार र नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि मुलुकको संवैधानिक व्यवस्थाअनुसार पार्टी केन्द्रीय समितिले जनप्रतिनिधिहरुको बीचमा संसदीय दल, प्रदेश पार्टीले प्रदेशसभा दल र जिल्ला तथा स्थानीय तहका पार्टी समितिले स्थानीय तहसम्बन्धी दल गठन गर्नेछ । दल सञ्चालनसम्बन्धी विधानहरु सोही तहका पार्टी समितिहरुको सहमतिमा सम्बन्धित तहका दलहरुले निर्माण गर्नेछ ।

## भाग - १४
## अनुशासनको कारबाही

**धारा - ५२ अनुशासनको कारबाही**

(१) देहायको अवस्था प्रमाणित भएमा कुनै पनि समिति वा निकाय र तिनका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनात्मक कारबाही हुनेछ :

(क) पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र विधानले गरेको व्यवस्थाको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा,

(ख) पार्टीभित्र गुटबन्दी तथा षड्यन्त्र गरेमा,

(ग) पार्टी निर्णय उल्लङ्घन गरेमा,

(घ) पार्टीप्रतिको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेमा,

(ङ) पार्टी समितिको गोपनीयता भङ्ग गरेमा,

(च) पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानको विपक्षमा रहेमा वा विरोधीसँग साँठगाँठ गरेमा,

(छ) कुनै पनि जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णय विपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवारविरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवारका विरुद्धमा उम्मेदवारी दिएमा, अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेमा,

(ज) केन्द्र तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्थालगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशन विपरीत कार्य गरेमा,

(झ) केन्द्र, प्रदेश, स्थानीय तह तथा अन्य जनप्रतिनिधिमूलक संस्थामा पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिहरुले दल त्याग गरेमा वा आफैं संलग्न भई नयाँ दल गठन गरेमा,

(ञ) नैतिक पतन देखिने फौजदारी कसुर गरेमा, भ्रष्टाचार गरेमा, कमिशन लिएमा, अनैतिक आचरण गरेमा, अवाञ्छित तत्वसँग साँठगाँठ गरेमा र राष्ट्रको हितविपरीत काम गरेमा,

(ट) पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेमा, झुट्ठा विवरण पेश गरेमा वा स्रोत खुलाउन नचाहेमा,

(ठ) पदीय आचरण वा पार्टी हितविपरीत आर्थिक अनुशासनहीनता वा पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएमा वा राष्ट्रको सम्पत्तिको हिनामिना गरेमा वा दुरुपयोग गरेमा,

(ड) सामाजिक न्याय विपरित क्रियाकलाप गरेमा,

(ढ) पार्टीको विधान र नियमावलीमा पार्टी सदस्य वा पार्टी समितिहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेमा ।

**(२) अनुशासनात्मक कारबाही र कारबाहीको प्रक्रिया देहायबमोजिम हुनेछ :**

(क) धारा ५२(१)मा उल्लेखित क्रियाकलाप गरेबापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित समितिले आलोचना गर्ने वा चेतावनी दिने वा पदबाट घटुवा गर्ने वा पदमुक्त गर्ने वा सदस्यताबाट निलम्बन वा निष्काशन गर्ने वा पार्टी सदस्यताबाट निष्काशन गर्नेसम्मको कारबाही गर्न सक्नेछ, सम्बन्धित व्यक्तिले आफ्नो गल्तिप्रति आत्मालोचना गर्न सक्नेछ ।

(ख) कुनै पनि समितिले तोकिएको दायित्व र जिम्मेवारी पालना नगरेमा समितिको हकमा माथिल्लो समितिले सचेत गर्ने वा नसिहत दिने वा निलम्बन गर्ने वा विघटन गर्न सक्नेछ ।

(ग) सेल, टोल र वडा समितिसम्मको सदस्य र समितिको कारबाही नगर/गाउँ समितिले गर्न सक्नेछ, नगर/गाउँ समितिको सदस्य र समितिको हकमा जिल्ला समितिले अनुशासनको कारबाही गर्नेछ, तर कुनै पनि तहको निर्णय त्यसको अनुमोदन एक तह माथिल्लो समितिबाट गराउनुपर्नेछ ।

(घ) गाउँ/नगर समिति/शाखा समितिका सदस्यहरुको हकमा अनुशासनको कारबाही गर्दा सोही तहको समितिले गर्नेछ । समितिको हकमा भने जिल्ला समिति/महाशाखाले गर्नेछ ।

(ङ) प्रदेश समिति सदस्यलाई प्रदेश समितिले अनुशासनको कारबाही गर्नेछ र प्रदेश समितिले नै अनुशासन उलंघन गरेमा केन्द्रीय समितिले गर्नेछ ।

(च) केन्द्रीय समितिका सदस्यहरु माथिको अनुशासनको कारबाही केन्द्रीय समितिले गर्नेछ ।

(छ) पार्टी सदस्यताबाट निलम्बन गर्ने अधिकतम अवधि बढीमा एक वर्षसम्म हुनेछ ।

(ज) कुनै पनि समिति वा सदस्यलाई अनुशासनको कारबाही गर्नुपूर्व स्पष्टीकरणको लागि मौका दिनुपर्नेछ।

(झ)सङ्घीय संसदीय दलको सदस्य, प्रदेशसभा दलको सदस्य, स्थानीय तहको जनप्रतिनिधिले अनुशासन उल्लङ्घन गरेमा सोही तहको दलले अनुशासनको कारबाही गर्नेछ । त्यसको अनुमोदन सोही तहको पार्टी समितिबाट गर्नुपर्नेछ ।

(ञ) आफूमाथि भएको कारबाही चित्त नबुझे माथिल्लो समितिमा र केन्द्रीय समितिको निर्णय चित्त नबुझे राष्ट्रिय महाधिवेशनमा पुनरावेदन गर्न सकिनेछ ।

(ट) गल्तीको प्रकृति र जिम्मेवारीको स्तर हेरी अनुशासनको कारबाहीको स्तर फरक-फरक हुन सक्नेछ ।

(ठ) विभिन्न तहले अनुशासनको कारबाही गर्दा सम्बन्धित तहले अनुशासन आयोग/समिति गठन गरेर अधिकार प्रत्यायोजन गरेको अवस्थामा आयोग/समितिले गरेको निर्णय नै सोही तहको समितिको निर्णय हुनेछ ।

## भाग – १५

## विशेष राष्ट्रिय महाधिवेशन, विधान अधिवेशन, अधिवेशन र बैठक

### धारा - ५३ विशेष महाधिवेशन

**(१)** कार्यसूचि र उचित कारण उल्लेख गरी बहुसंख्यक प्रदेश समिति वा २५ प्रतिशत पार्टी सदस्यले लिखित माग गरेको खण्डमा छ महिनाभित्र केन्द्रीय समितिले विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

**(२)** धारा ५३(१) बमोजिम राष्ट्रिय महाधिवेशन आयोजना नगरिएमा राष्ट्रिय महाधिवेशनको माग गर्ने समिति वा सदस्यहरूले राष्ट्रिय महाधिवेशन आयोजक समिति बनाई विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

**(३)** विशेष परिस्थिति उत्पन्न भई केन्द्रीय समितिले आवश्यक ठानेको अवस्थामा विशेष राष्ट्रिय महाधिवेशनको आयोजना गर्न सक्नेछ ।

### धारा - ५४ विधान अधिवेशन

**(१)** पार्टीको विधान अधिवेशन प्रत्येक ५ वर्षमा गरिनेछ । विधान अधिवेशनले विधान परिमार्जन र संशोधन लगायतका विधान निर्माणसम्बन्धी कार्यहरु गर्नेछ । विधान अधिवेशनका लागि प्रतिनिधिको छनौट, अधिवेशन सञ्चालन कार्यविधि पार्टी केन्द्रीय समितिले तय गरे बमोजिम हुनेछ ।

**धारा - ५५ अधिवेशन :** प्रदेश, जिल्ला, नगर/गाउँ र वडा समितिहरूको नीति-कार्यक्रम पारित गर्न र समितिको गठनका लागि ती सबै तहहरुमा अधिवेशनहरुको आयोजना गरिनेछ ।

### धारा - ५६ बैठक :

**(१)** पार्टी समिति, सचिवालय, समिति, विभागका बैठकहरु तीन प्रकारका हुनेछन्, नियमित बैठक, विशेष बैठक र आकश्मिक बैठकहरु । विशेष र आकश्मिक बैठकहरु जुन कार्यसूचीका लागि आयोजना गरिएको हो, सोही कार्यसूचीमा केन्द्रित रहेर सम्पन्न हुनेछन् । नियमित बैठक भने देहायबमोजिम हुनेछ :

(क) केन्द्रीय समितिको बैठक कम्तिमा छ महिनामा एक पटक ।

(ख) पोलिट्ब्यूरोको बैठक चार महिनामा एक पटक ।

(ग) पदाधिकारी/स्थायी समितिको बैठक महिनामा एक पटक ।

(घ) केन्द्रीय विभागको बैठक तीन महिनामा एक पटक ।

(ङ) सचिवालय र कार्यालयको बैठक आवश्यकतानुसार हुनेछन् ।

(च) सबै तहका सल्लाहकार समिति र भेटरन कम्युनिष्ट मञ्चको बैठका आवश्यकताअनुसार बस्नेछ ।

(छ) प्रदेश समितिहरुको बैठक प्रत्येक तीन महिनामा बस्नेछ ।

(ज) जिल्ला/महाशाखा, नगर/गाउँ/शाखा र निर्वाचन क्षेत्र समन्वय समितिका बैठकहरु दुई/दुई महिनामा बस्नेछन् ।

(झ) वडा, उपशाखा, टोल र सेल समितिको बैठक प्रत्येक महिना बस्नेछ ।

(ञ) विशेष कारणले बैठकको अवधि अघि वा पछि हुन सक्नेछ । त्यसको निर्णय सम्बन्धित समितिको सचिवालयले गर्नेछ । तर बैठक सार्दा दुई बैठक बीचको अवधिभन्दा बढि हुने छैन ।

(ट) बैठकको गणपुरक संख्या कायम रहेको सदस्य संख्याको बहुमत हुनेछ ।

(ठ) कुनै पनि तहका समितिका २५ प्रतिशत सदस्यहरूले बैठकका लागि लिखित माग गरेको खण्डमा बढीमा १५ दिनभित्रमा बैठक बस्नुपर्नेछ ।

### धारा - ५७ बहुमतको निर्णय-पार्टी निर्णय

(१) राष्ट्रिय महाधिवेशन, अधिवेशन र बैठकहरूमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाइने छ । निर्णय प्रक्रियामा सहमतिको पद्दतीलाई प्राथमिकता दिइने छ । मत विभाजन भएमा उपस्थित सदस्यको बहुमतको निर्णय पार्टी निर्णय हुनेछ ।

(२) निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति सम्बन्धित राष्ट्रिय महाधिवेशन, अधिवेशन वा बैठकसमक्ष लिखितरूपमा प्रस्तुत गर्न सक्नेछ ।

(३) फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा सम्बन्धित समितिले आवश्यक प्रक्रिया निर्धारण गरी छलफलको अनुमति दिन सक्नेछ ।

## भाग - १६
## पार्टी कोष र सम्पत्तिसम्बन्धी व्यवस्था

### धारा - ५८ पार्टी कोष

(१) केन्द्रीय समितिले पार्टीको केन्द्रीय कोषको निर्माण एवम् सञ्चालन गर्नेछ । त्यसको स्रोत देहायबमोजिम हुनेछ :

(क) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा स्वेच्छिक रुपमा गरेको सहयोग,

(ख) प्रकाशन बिक्री-वितरण,

(ग) पार्टी सम्पत्तिको परिचालन,

(घ) स्रोतका लागि सञ्चालन गरिने उत्पादन कार्य, विशेष कार्यक्रम वा अभियान,

(२) पार्टीका प्रदेश, जिल्ला तथा स्थानीय समितिहरूले आफ्नो समितिका सदस्यहरू तथा मातहतका समितिबाट निर्णय गरिएका शुल्क एवम् लेवी र समर्थक - शुभचिन्तकहरूबाट प्राप्त सहयोग सङ्कलन गरी आफ्नो तहको कोष निर्माण एवम् सञ्चालन गर्नेछन् ।

(३) पार्टी कोष तथा सम्पत्तिको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक नियमावलीअनुसार हुनेछ ।

## धारा - ५९ ज्येष्ट कम्युनिष्ट तथा कार्यकर्ता संरक्षण कोष

(१) ज्येष्ठ कम्युनिष्ट तथा पार्टी कार्यकर्ता संरक्षणका लागि एउटा कोष हुनेछ,

(२) यसको सञ्चालन ज्येष्ठ कम्युनिष्ट तथा पार्टी कार्यकर्ता संरक्षण कोष नियमअनुसार गरिनेछ,

(३) केन्द्रीय समितिको अनुमति लिएर यस्तो कोष प्रदेश, जिल्ला तथा नगर/गाउँ समितिसम्म स्थापना गर्न सकिनेछ ।

## धारा - ६० पार्टीको अचल र जिन्सी सम्पत्ति

(१) पार्टीको आवश्यकताअनुसार अचल सम्पत्ति खरिद बिक्री गर्न सक्नेछ ।

## धारा - ६१ पूर्णकालीन पदाधिकारी वा सदस्यहरूको निर्वाह खर्च व्यवस्था

(१) परिभाषित जिम्मेवारीसहित पूर्ण समय पार्टी काममा लगाउने व्यक्तिलाई सम्बन्धित पार्टी समितिले निर्वाह खर्चको व्यवस्था गर्नेछ ।

(२) पार्टीका कुनै विशेष काममा पार्टी नेता वा कार्यकर्तालाई खटाउँदा हुने खर्चको व्यवस्था पार्टीले गर्नेछ ।

(३) पार्टी समितिलाई आवश्यक पर्ने पूर्णकालिन कार्यकर्ता बाहेकका सबै पार्टी सदस्यको आत्मनिर्भर आर्थिक जीवनका लागि श्रम तथा आर्थिक उत्पादनका कार्यक्रम र योजना बनाई कार्यान्वयन गर्नेछ । यसको कार्यान्वयनसम्बन्धी समीक्षा प्रत्येक बैठकमा गरिनेछ ।

## धारा - ६२ लेखा र लेखापरीक्षण

(१) पार्टीको सबै तहमा आय-व्ययको लेखा केन्द्रीय लेखापरीक्षण समितिले व्यवस्था गरेको नियमावली बमोजिम हुनेछ ।

(२) सबै समितिहरूले पार्टीको आर्थिक नियमअनुसार आफ्नो आय-व्ययको लेखा राख्नेछन् ।

(३) प्रत्येक पार्टी समितिले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराई माथिल्लो समितिमा पेश गर्नुपर्नेछ र आफ्नो तहको अधिवेशनमा सिङ्गो अवधिको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

(४) लेखा र लेखापरीक्षणसम्बन्धी अन्य कार्य आर्थिक नियममा तोकिएबमोजिम हुनेछ ।

## धारा - ६३ सम्पत्ति विवरण

(१) सम्बन्धित व्यक्तिले देहायबमोजिम सम्पत्ति विवरण बुझाउनुपर्नेछः

(क) आफू निर्वाचित वा मनोनीत वा नियुक्त भएको दुई महिनाभित्र अनुशासन समितिले तोकेको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको विवरण,

(ख) आफू सो पदमा रहुञ्जेल आर्थिक वर्ष पूरा भएको ६० दिनभित्र आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको अद्यावधिक विवरण,

(ग) पार्टी विघटन भएको अवस्थामा पार्टीको स्वामित्वमा रहेका सम्पूर्ण सम्पत्तिहरु राज्यको स्वामित्वमा रहनेछ,

(घ) पार्टीको केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला/महाशाखा समिति र नगर/गाउँ/शाखा समितिका सदस्यहरुले तोकिएको ढाँचामा आफ्नो सम्पत्ति विवरण आफ्नो समितिको कार्यालयमा बुझाउनुपर्नेछ ।

(ङ) सम्बन्धित समितिले आफ्ना सदस्यहरुको सम्पत्ति विवरण पारदर्शीताका लागि सार्वजनिक गर्न चाहेमा गर्न सक्नेछ ।

## भाग - १७
## विविध

### धारा - ६४ कार्यालय सञ्चालन

(१) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ, यसको सञ्चालन केन्द्रीय समितिले गर्नेछ, यसको सञ्चालन एवम् व्यवस्थापन नियमावलीमा व्यवस्थापन भए अनुरुप हुनेछ,

(२) प्रदेश समिति, उपत्यका विशेष समिति, प्रवास समिति, जिल्ला तथा स्थानीय समितिहरूले आ-आफ्नो तहका कार्यालय आफैं व्यस्थापन र सञ्चालन गर्नेछन् ।

### धारा - ६५ दुई तिहाई बहुमत चाहिने

नेपालको संविधानले व्यवस्था गरेको संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने विषयमा निर्णय लिँदा पार्टी केन्द्रीय समितिको दुई तिहाई बहुमत आवश्यक हुनेछ ।

### धारा- ६६ विधान संशोधन

(१) पार्टीको घोषित सिद्धान्त र मान्यता, नेपालको संविधान, प्रचलित कानूनको प्रतिकूल नहुने गरी पार्टीको विधान अधिवेशनबाट विधान संशोधन, परिमार्जन र प्रतिस्थापन गरी नयाँ विधान लागु गर्न सक्नेछ ।

(२) विधान अधिवेशन अगावै विधान संशोधन गर्नु पर्ने भएमा विधान अधिवेशनप्रति उत्तरदायी हुनेगरी पार्टी केन्द्रीय समितिको कम्तिमा दुई तिहाई सदस्यहरुको बहुमतले पार्टी विधान संशोधन सक्नेछ ।

### धारा- ६७ नियम बनाउने अधिकार

केन्द्रीय समितिले विधानसँग नबाझिने गरी नियमावली, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

### धारा- ६८ भए गरेका काम कायम रहने

यस अघि पार्टीको विधान बमोजिम भए गरेका सम्पूर्ण काम, कारबाही यसै विधान बमोजिम गरेको मानिनेछ ।

### धारा - ६९ बाधा-अड्काउ फुकाउने

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काउ पर्न आएमा केन्द्रीय समितिले उक्त बाधा-अड्काउ फुकाउने छ, त्यसको अनुमोदन विधान अधिवेशनबाट गराउनुपर्नेछ ।

### धारा - ७० खारेजी

यस विधान जारी हुनुभन्दा अघिका विधान स्वतः खारेज भएको मानिनेछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## झण्डा

पार्टीको झण्डा ३:२ अनुपातको रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिह्न हुनेछ ।

**झण्डाको नमूना**



## अनुसूची- २

## छाप

**छापको नमूना :** गोलाकारको बीचमा ह"सिया र हथौडाको कैंची परेको चिन्ह अंकित रहनेछ । त्यसको माथिल्लो किनारामा नेपालीमा पार्टीको नाम, तल्लो किनारामा सम्बन्धित तहको समितिको नाम रहनेछ । अंग्रेजीमा पनि सोही अनुसार रहनेछ ।




## अनुसूची- ३

## चुनाव चिह्न

पार्टीको चुनाव चिन्ह गोलाकारभित्र कैंची परेको हसिया हथौडा पार्टीको चुनाव चिन्ह हुनेछ ।



अनुसूची- ४

संसारका मजदुरहरु- एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !



# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## Communist Party of Nepal (Maoist Centre)

चुनाव चिन्ह

## पार्टी सदस्य आवेदन-पत्र

कमरेड अध्यक्ष,

.................................,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सिद्धान्त, नीति-कार्यक्रम र विधानको अवलम्बन गर्दै पार्टीमा काम गर्न म तत्पर छु । अत: पार्टी सदस्यताको लागि यो आवेदन पेश गरेको छु । मेरो व्यक्तिगत विवरण निम्न प्रकार रहेको छ :

१. नाम (नागरिकता अनुसार) : ............................................... २. नागरिकता प्र.प.नं.:........................

३. नागरिकता प्राप्त जिल्ला : ........................ ४. मतदाता नं. ..............................५. लिङ्ग : .................

६. जन्म मिति : ..................................७. बैवाहिक अवस्था : ....................८. परिवार सङ्ख्या : .............

९. पेशा तथा व्यवसाय : ................................ १०. इमेल : ................................................................

११. ठेगाना: (क) स्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा ....................................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा ........................................................................

१२. वर्ग स्रोत : ............................... १३. वर्ग ....................... १४. शैक्षिक योग्यता : ............................

१५. जाति :............................ १६. अन्य पहिचान : .......................... १७. सम्पर्क नं. ..........................

१८. संक्षिप्त राजनीतिक जीवनी : .............................................................................................................
.......................................................................................................................................................

मिति : ...........................                                  ............................आवेदकको हस्ताक्षर

अनुसूची- ५

**मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद**



**संसारका मजदुरहरु- एक होऔं !**

चुनाव चिन्ह

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

# Communist Party of Nepal (Maoist Centre)

## संगठित सदस्य आवेदन-पत्र

कमरेड अध्यक्ष,

.............................................. ,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सिद्धान्त, नीति-कार्यक्रम र विधानको अवलम्बन गर्दै पार्टीमा काम गर्न म तत्पर छु । अतः पार्टी संगठित सदस्यताको लागि यो आवेदन पेश गरेको छु । मेरो व्यक्तिगत विवरण निम्न प्रकार रहेको छः

१. नाम (नागरिकता अनुसार) : .............................................. २. नागरिकता प्र.प.नं.: ........................

३. नागरिकता प्राप्त जिल्ला : ...................... ४. मतदाता नं. ..............................५. लिङ्ग : .................

६. जन्म मिति : ..................................७. बैवाहिक अवस्था : .................... ८. परिवार सङ्ख्या : .............

९. पेशा तथा व्यवसाय : ............................... १०. शैक्षिक योग्यताः ..................................................

११. ठेगानाः (क) स्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा ..................................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा ............................................................

१२. वर्ग स्रोत : ................................... १३. वर्ग ..................... १४. मासिक लेवी दर : ........................

१५. जाति :................ १६. अन्य पहिचान : ............ १७. सम्पर्क नं. ................१८. इमेल : .....................

१९. संक्षिप्त राजनीतिक जीवनी : ..............................................................................

........................................................................................................................................

........................................................................................................................................

कार्यरत रहेको मोर्चा/सङ्गठन : ..............................................................................................

मिति : .............................                                                        ..........................

आवेदकको हस्ताक्षर

---

सिफारिस तथा निर्णयः

हामी आवेदकलाई राम्ररी चिन्दछौं । निजको राजनीतिक जीवनको अध्ययन गर्दा पार्टीको संगठित सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकाले सिफारिस गर्दछौं ।

१. नाम : ............................................... ठेगानाः ......................................

.......................................... समिति पद : ........................... हस्ताक्षर :.............................

२. नाम : .................................................. ठेगानाः ...................................

.................................................. समिति पद : ........................... हस्ताक्षर :............................

सिफारिस गर्ने समिति : ..................................................................................................

बैठक मिति : .................... समिति प्रमुखको नाम : .................................. हस्ताक्षर : .........................

निर्णय गर्ने समिति : ..........................................................................................................

बैठक मिति : .................... समिति प्रमुखको नाम : .................................. हस्ताक्षर : .........................

अनुमोदन गर्ने समिति : ..........................................................................................................

बैठक मिति : .................... समिति प्रमुखको नाम : .................................. हस्ताक्षर : .........................

अनुसूची- ६

संसारका मजदुरहरु - एक होऔं !　　　　　　　　　　　　　　　　मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

# Communist Party of Nepal (Maoist Centre)

चुनाव चिन्ह

## संगठित सदस्य/पार्टी सदस्य नवीकरण

कमरेड अध्यक्ष,

........................................... ,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को संगठित सदस्यता/पार्टी सदस्यता नवीकरणको लागि यो आवेदन पेश गरेको छु । मेरो नविकृत व्यक्तिगत विवरण निम्न प्रकार रहेको छ :

१. नाम (नागरिकता अनुसार) : .............................. २. नागरिकता प्राप्त जिल्ला : ...................

३. नागरिकता प्र.प्र.नं. ......................... ४. मतदाता नं. ...................... ५. लिंग : ...............

६. जन्म मिति : ......................... ७. मासिक लेबी दर (संगठित सदस्यको मात्र) : ....................

८. ठेगाना:(क) स्थायी: प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा नं.: . ................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा नं.:. ..............................................

९. वैवाहिक अवस्था: ............... १०. परिवार संख्या: ............ ११. शैक्षिक योग्यता: .................

१२. पूर्ण सदस्यता प्राप्त मिति : ....................... १३. जाति : ...........................................

१४. अन्य पहिचान : ....................... १५. वर्ग स्रोत : .................... १६. वर्ग : ..................

१७. पेशा/व्यावसाय : ............... १८. सम्पर्क नं. ................. १९. इमेल : ......................

२०. पार्टी हैसियत र काम गरिरहेको पार्टी समितिको नाम ठेगाना : ..........................................

२१. सम्पत्तिको विवरण : नगद ..................................................... जिन्सी (घरजग्गा समेत) : ........................................................................................................ मूल्य बराबरको ।

२२. राजनैतिक र सांगठनिक पृष्ठभूमि (विकास क्रमका विशिष्ट घटनासहित) : ...................................................................................................................................
.................................................................................................................................

..............................................

मिति : ................................　　　　　　　　संगठित सदस्य/पार्टी सदस्यको दस्तखत

---

नवीकरणको सिफारिस गर्ने समिति : .......................　　नवीकरणको स्वीकृत गर्ने समिति : ..................


समिति प्रमुखको नाम : ................................................ समिति प्रमुखको नाम : ....................................

दस्तखत : ........................... मिति : ......................... दस्तखत : ......................... मिति : ................

अनुसूची- ७

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## सदस्यता प्रमाण-पत्र



संसारका मजदूरहरू एक होऊ!

मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद!!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

........................ समिति

प्र.प.नं. ........

सदस्यता प्रमाण-पत्र

नाम : ..................................................

पद : ..................................................

ठेगाना : ..................................................


कार्यक्षेत्र : ..................................................

जारी मिति: ..................................................

नागरिकता नं. : ..........

.................... अध्यक्ष

.................... प्रमाणित गर्नेको हस्ताक्षर



नवीकरण

| अवधि | | प्रमाणित गर्ने | | |
|---|---|---|---|---|
| देखि | सम्म | नाम | पद | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, ४६०२२८८, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com, Web : www.cpnmcentre.org

अनुसूची-८

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## संगठित सदस्यता प्रमाण-पत्र



संसारका मजदूरहरू - एक होऊ!

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद!!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

.............................. समिति

प्र.प.नं.

संगठित सदस्यता प्रमाण-पत्र

नाम : ..................................................

पद : ..................................................

ठेगाना : ..................................................

कार्यक्षेत्र : ..................................................

जारी मिति : ..........................

नागरिकता नं. : ..........................

फोटो

.................... अध्यक्ष

.................... प्रमाणित गर्नेको हस्ताक्षर

नवीकरण


| अवधि | | प्रमाणित गर्ने | | |
|---|---|---|---|---|
| देखि | सम्म | नाम | पद | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेरिशडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com

अनुसूची-९

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## मानार्थ सदस्यता


संसारका मजदूरहरू एक होऔं!
मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद !!
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
.......................... समिति
प्र.प.नं. ........
मानार्थ सदस्यता
नाम : ..........................................................
पद : ..........................................................
ठेगाना : ......................................................
कार्यक्षेत्र : ....................................................
जारी मिति: ..................................................
नागरिकता नं. : .......... .................... ....................
अध्यक्ष

अनुसूची- १०

## शपथको व्यहोरा

म ...................................................... नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को ............................... जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा पार्टीको झण्डा सामु उभिएर प्रतिज्ञा गर्दछु :

म पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताका साथ अनुशरण गर्नेछु । पार्टी विधानलाई इमानदारीका साथ पालन गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउनेछु । सबैखाले प्रतिक्रियावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध दृढतापूर्वक जुझिरहनेछु ।

समाजवादी क्रान्ति - जिन्दावाद !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

आदरणीय अमर-शहीदहरू - लालसलाम !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) - जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर....................................

नाम..........................................

ठेगाना.......................................

मिति.......................................

## अन्तर्राष्ट्रिय गीत

उठ, जाग ए ! भोका नाङ्गा, जाग संसारका दुःखी
सुन्दर संसार रचना गर्न न्यायको लागि गर्जी
बाँध्ने छैन परम्पराको साङ्लोले जाग ए ! श्रमिक हो
नयाँ जगमा पृथ्वी उठ्नेछ, संसार हाम्रो हुनेछ ।

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ,
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।

तिनको अदालतबाट शासित हुन हामी चाहन्नौं
तिनको कृपालाई कुल्चँदै बरु सबै भइ सल्लाह गरौं
लुटाहाबाट आफ्नो धन खोस्न, शोषणबाट मुक्त हुन
आफ्नो कर्तव्य आफैले निर्णय गरी पूरा गर्न

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ,
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।

ज्यामी खेताला एक भइ आउ श्रमिकहरूको संघमा
धर्ती हामी श्रमिकको हो, हैन जाली भ्mेली काँतरको
मोटाए कैयौं रगत मासुले, तर ती हत्यारा
कुनै बिहान नष्ट हुनेछन् र उज्यालो रहिरहनेछ,

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ,
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।

**-यू.पोत्तर**

## प्रमुख नाराहरू

| | |
|---|---|
| समाजवादी क्रान्ति | – जिन्दावाद, जिन्दावाद । |
| विश्व साम्राज्यवाद तथा विस्तारवाद | – मूर्दावाद, मूर्दावाद । |
| नव-उपनिवेशवाद | – मूर्दावाद, मूर्दावाद । |
| राष्ट्रिय आत्मसमर्पणवाद | – मूर्दावाद, मूर्दावाद । |
| दलाल तथा नोकरशाही पुँजीवाद | – मूर्दावाद, मूर्दावाद । |
| सबैखाले संशोधनवाद | – मूर्दावाद, मूर्दावाद । |
| मार्क्सवाद–लेनिनवाद–माओवाद | – जिन्दावाद, जिन्दावाद । |
| विश्वका सम्पूर्ण मजदुर तथा उत्पीडित जनसमुदायहरू | – एक होऔं, एक होऔं । |
| वीर शहीदहरू | – लाल सलाम, लाल सलाम । |
| नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | – जिन्दावाद, जिन्दावाद । |
| इन्क्लाव | – जिन्दावाद, जिन्दावाद । |

**समाप्त**